का.जि.प्र.का.द.नं. १००/०५२/६०
९ भदौ २०८३
मंगलबार
25 August 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

गरिमा हत्या प्रकरण

भाइरल गृहमन्त्री असंवेदनशील प्रहरी

गृह मन्त्रालयमै गृहमन्त्रीले पीडितका तस्बिर र भिडियो भाइरल बनाइरहेका बेला बारामा प्रहरी हिरासतमा रहेका अभियुक्तको बयान सार्वजनिक भएको छ। यसले प्रहरीको अनुसन्धान र गोपनीयता भंग गरिदिएको छ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ८ भदौ

तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको हृदयविदारक घटनाको विरोधमा सडकमा धर्ना दिइरहेका बुवाआमाका दुई माग थिए । पहिलो, प्रधानमन्त्री बालेन्द्र शाह वा गृहमन्त्री सुधन गुरुङ र कानुनमन्त्री सोविता गौतम सिमरामै आएर आफ्नो पीडा सुनून् । दोस्रो, यस्ता जघन्य अपराधमा संलग्नमाथि हदैसम्म कारबाही गर्नेगरी कानुन संशोधन गरून् । बुबा मनोजकुमार चौधरीले भनेका थिए, 'हामीलाई पैसा-राहत केही चाहिन्न । हाम्रो छोरीले जसरी अरूले मर्न नपरोस् ।'

उनीहरूको माग प्रधानमन्त्री वा मन्त्रीहरूले सुनेनन् । उल्टै छोरीको शव सिमरामै छाडेर उनीहरूलाई काठमाडौं ल्याइयो । गृह मन्त्रालयमा अबेर रातिसम्मका हरेक गतिविधिको फोटो/भिडियो उतारियो । पृष्ठ २ मा

मृतकको बुवाआमाले धन्यवाद भनेको भिडियो मन्त्रालयमा खिचिन्छ, कतै मेडिकल गर्दै गर्दा अभियुक्तले बोलेको कुरा पब्लिकमा राखिन्छ। यस्तो बन्द गरिनुपर्छ।

विपीन आचार्य
रास्वपा, महामन्त्री

नागरिकको शान्ति सुरक्षाको जिम्मा लिएका गृहमन्त्रीले सुरक्षा र अपराध नियन्त्रणका संयन्त्रलाई बलियो बनाउन भूमिका खेल्नुपर्छ। त्यो पद समस्या समाधान गर्ने हो, कुनै सेलिब्रेटी होइन।

हेमन्त मल्ल
पूर्वडिआइजी

कसले सार्वजनिक गऱ्यो अभियुक्तको बयान ?

गरिमा प्रकरणको अनुसन्धानका क्रममा रहेका आरोपितमध्ये एक किशोरको बयान

सोमबार सार्वजनिक भएपछि यो घटनाले नयाँ रूप लिएको छ । प्रहरीकै नियन्त्रणमा रहेको अवस्थामा गोप्य रहनुपर्ने भिडियो खिचेर सार्वजनिक गर्ने नेपाल प्रहरीका हवल्दार कुमार विकलाई प्रहरीले निन्त्रणमा लिएर कारवाही अघि बढाइएको जनाएको छ। उनले अनुसन्धानका क्रममा लिइएको भिडियो सार्वजनिक गरेको खुलेको हो । हिरासतमा रहेका आरोपितको बयान पृष्ठ २ मा

ढुंगा, गिट्टी र बालुवामा संघको नजर

खुम्च्याइँदै प्रदेश र स्थानीय तहको अधिकार

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ८ भदौ

संविधानले खानी तथा खनिज पदार्थसम्बन्धी विषयमा संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको बाँडफाँट गरेको छ । तर, यस सम्बन्धमा प्रचलित खानी तथा खनिज पदार्थ ऐन २०४२ संघीय शासन प्रणाली कार्यान्वयनपूर्वको ऐन हो । संवैधानिक व्यवस्था, संघीय संरचना, आधुनिक खनिज प्रशासन, वातावरणीय उत्तरदायित्व, रणनीतिक खनिज व्यवस्थापन तथा लगानी प्रवर्धन गर्न भनेर सरकारले प्रचलित संशोधन विधेयक ल्याएको छ। तर, प्रस्तावित विधेयकले फेरि पनि ढुंगा, गिट्टी र बालुवालगायत खानी तथा खानीजन्य पदार्थको उत्खननको अधिकार संघमै राख्न खोजेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले खानी तथा खनिज पदार्थ विधेयक २०८३ ल्याएकी हुन् । विधेयक ल्याउनुको कारण दिँदै उनले विधेयकमै लेखेकी छिन्, 'संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अधिकार क्षेत्र स्पष्ट गर्ने उद्देश्यले खानी तथा खनिज पदार्थसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न खानी तथा खनिज पदार्थ विधेयक, २०८३ तर्जुमा गरिएको हो ।'

१४ साउनमा प्रतिनिधिसभामा दर्ता भएको विधेयकमा ढुंगा, गिट्टी र बालुवालगायत खानी तथा खानीजन्य पदार्थको अन्वेषण प्रदेशले गर्न पाउने, तर उत्खननको निर्णायक अधिकार संघमा रहने व्यवस्था छ । स्थानीय तहलाई संरक्षणको जिम्मेवारी दिने भनिएको छ । यसमा पनि संघ संघीयता कार्यान्वयनपछि स्थानीय तहले ढुंगा, गिट्टी र बालुवा उत्खनन क्षेत्र तोक्ने, ठेक्का लगाउने, शुल्क उठाउने तथा वातावरणीय मापदण्ड पालना गराउने अभ्यास गर्दै आएका छन्। तर, प्रस्तावित विधेयकले यो अधिकार संघमा राख्न खोजेको छ।

संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अधिकार क्षेत्र स्पष्ट गर्ने उद्देश्यले खानी तथा खनिज पदार्थसम्बन्धी कानुनलाई संशोधन गर्न विधेयक तर्जुमा गरिएको हो ।

गौरी कुमारी
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री

विधेयकको दफा ४मा अन्वेषण गर्ने अधिकारसम्बन्धी प्रावधान छ । उपदफा १मा भनिएको छ, 'खानी तथा खनिज पदार्थको अन्वेषण गर्ने अधिकार प्रदेश कानुनबमोजिम हुनेछ ।' तर अन्वेषणपछि जब खनिज निकाल्ने अर्थात् उत्खनन गर्ने चरण आउँछ, अधिकारको केन्द्र बदलिन्छ । विधेयकले उत्खननको मूल अधिकार नेपाल सरकारमा राखेको छ ।

विधेयकको दफा ५मा उत्खनन गर्ने अधिकारसम्बन्धी व्यवस्था छ । उपदफा १मा भनिएको छ, 'खानी तथा खनिज पदार्थको उत्खनन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ ।'

यो काम नेपाल सरकारले विभागमार्फत वा कम्पनीलाई अनुमति दिएर उत्खनन गराउन सक्नेछ । साथै, प्रदेश र स्थानीय तहलाई पनि उत्खननको अधिकार दिन सक्नेछ । तर, त्यसका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्नुपर्नेछ । अर्थात्, प्रदेश वा स्थानीय तहले स्वतः उत्खनन गर्न पाउने छैनन् । संघले अनुमति दिएको अवस्थामा मात्र उत्खनन गर्न सक्नेछन् ।

संविधानको अनुसूची-५मा संघको अधिकार सूची छ । त्यसमा खानी तथा खनिज पदार्थको उत्खनन संघको अधिकारका रूपमा छ। प्रदेशको अधिकार सूची रहेको अनुसूची-६मा खानी तथा खनिजको अन्वेषण तथा व्यवस्थापनको विषय छ । यसले खानी पत्ता लगाउने, पृष्ठ २ मा

असुरक्षित होस्टेल

दुई वर्षदेखि दर्ता न अनुगमन

हत्या गरिएका दाङका वसन्त कालाथोकी र आमा

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ८ भदौ ।

दाङको घोराही उपमहानगरपालिका-१७ जनप्रिय टोलका २२ वर्षीय वसन्त कालाथोकी फ्रान्स जाने तयारीमा थिए । फ्रान्सेली भाषा सिक्न केही महिनाअघि उनी काठमाडौंमा आए । भनेजस्तो कोठा नपाइने, त्यसमा पनि पढ्ने विद्यार्थीलाई साँझ-बिहान खाना पकाउने, सरसफाइलगायतको झन्झट । काठमाडौंमा सहजै होस्टेल पाइने भएपछि छोराको सहजताका लागि बुवा रोमहर्ष कालाथोकीले शंखमूलस्थित भ्याली ब्वाइज होस्टेलमा राखिदिए । छोरा होस्टेल बसेर भाषा सिक्दै थिए । तर, शुक्रबार साँझ अप्रिय घटना भयो । होस्टेलमा बस्ने साथी-साथीबीच विवाद भयो । विवाद मिलाइदिने कोही भएन । विवाद चर्किँदै गएपछि एक हुल केटाहरू आएर कालाथोकीमाथि आक्रमण गरे । धारिलो हतियार आक्रमणले गम्भीर घाइते भएका कालाथोकीलाई बानेश्वरस्थित सिभिल अस्पतालमा लगियो । उपचारकै क्रममा उनको मृत्यु भयो ।

छोराको मृत्युको खबर आमाले पनि सहन सकिनन् । उनले पनि आत्महत्या गरिन् । विदेशी भूमिमा पसिना बगाइरहेका रोमहर्षले यी घटना एकैसाथ सुन्नुपऱ्यो । उनी मलेसियाबाट नेपाल फर्किँदै छन् । वसन्तको हत्या आरोपमा सोही होस्टेलमा बस्दै आएका बारा, कलैया-३ का २० वर्षीय प्रमित पटेल र १८ वर्षीय शेखर यादवलाई प्रहरीले पक्राउ गरेको छ।

विद्यार्थीहरूका लागि दोस्रो घर हो, होस्टेल । पछिल्लो समय काठमाडौंलगायत मुख्य सहरी क्षेत्रमा होस्टेल फस्टाएको छ । पृष्ठ २ मा

पछिल्लो दुई वर्षदेखि महानगरले होस्टेल दर्ता र नवीकरण गरेको छैन । जति पनि घटना भएका छन्, ती तिनै दर्ता नभएका होस्टेल हुन् ।

किरण शर्मा
अध्यक्ष, होस्टेल व्यवसायी संघ नेपाल

होस्टेल सञ्चालन गर्नु सामान्य कुरा होइन । मापदण्ड पूरा गरेर आउनुस्, दर्ता हुन्छ । मापदण्डविपरीत सञ्चालन भएका होस्टेललाई बन्द गर्छौं ।

नवीन मानन्धर
प्रवक्ता, काठमाडौं महानगर

पछिल्लो समय धेरै बेथिति भएकै हो । अनुगमन गर्नुपर्ने निकायले चासो नदिएकै हो ।

नरेन्द्रबहादुर बोहरा
अध्यक्ष
नेपाल होस्टेल एसोसियसन

पछिल्लो घटनाक्रममा, झडप भएर हत्यासम्मको स्थिति हुनु, होस्टेलमै शारीरिक यातना दिनु, मध्यरातमा छात्राहरूलाई होस्टेलबाटै निकाल्नुजस्ता घटनालाई प्रशासनले चुपचाप हेरेर बस्दैन ।

ईश्वराज पौडेल
प्रजिअ, काठमाडौं

वैदेशिक रोजगार विशेष

सिन्डिकेटको सूचीबाट बाहिरिन २५ म्यानपावरलाई मन्त्रालयको निर्देशन

मध्यान्ह संवाददाता
काठमाडौं, ८ भदौ

युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) बाट बाहिरिने आश्वासन दिएका २५ वटा म्यानपावर कम्पनीसँग लिखित निवेदन माग गरेको छ ।

सोमबार श्रम मन्त्रालयमा भएको त्रिपक्षीय छलफलमा २५ म्यानपावर कम्पनीका सञ्चालकहरूले मलेसियाको एफडब्लुसिएमएसमा आफ्नो कम्पनीको नाम दर्ता गरिएको विषयमा कुनै जानकारी नरहेको भन्दै उक्त पोर्टलबाट हट्ने प्रतिबद्धता जनाएका थिए । मन्त्रालयले एफडब्लुसिएमएसबाट नाम हटाउने कूटनीतिक प्रक्रियाका लागि २५ वटा म्यानपावर कम्पनीका सञ्चालक प्रत्येकको पृष्ठ २ मा

एसोसिएसनले मलेसिया सिन्डिकेटविरुद्ध हस्ताक्षर अभियान सञ्चालन गर्ने

काठमाडौं/मस- नेपाल लो कतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मलेसिया सिन्डिकेटविरुद्ध मंगलबार व्यवसायीको हस्ताक्षर अभियान सञ्चालन गर्ने भएको छ ।

एसोसिएसनले मलेसियाको रोजगारीमा सिन्डिकेट देखिएको भन्दै त्यसविरुद्ध एकताबद्ध भई व्यवसाय र व्यवसायीको अस्तित्व, स्वतन्त्रता र नैसर्गिक अधिकार जोगाउने महाअभियान सुरु गरेको समेत बताएको छ । व्यवसायी एक भएको अवस्थामा सिन्डिकेट परास्त हुने भन्दै एसोसिएसनले सिन्डिकेटविरुद्ध खबरदारी भेला तथा हस्ताक्षर अभियान चलाउने निर्णय गरेको अध्यक्ष रामप्रसाद गैरे ले जानकारी दिए । कार्यक्रम दिउँसो ३ बजेपछि बत्तीसपुतलीको अनुपम फुडल्यान्डमा हुने बताइएको छ ।

सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पतिको सम्मान गर्दै क्षति पुऱ्याने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

९ भदौ २०८३ मंगलबार
25 August 2026 Tuesday

मोबाइलको बढ्दो प्रयोगले घट्दै पठन संस्कृति, पुस्तक पढ्न विज्ञको आग्रह

दीपकप्रसाद घिमिरे/मध्यान्ह
ललितपुर, ८ भदौ

मानिसले आफ्नो उमेरअनुसारको पुस्तक अध्ययन गर्ने मौका पाउँदा समाजमा पठन संस्कृतिको विकास हुने शिक्षा क्षेत्रका विज्ञहरूले औंल्याएका छन्। ललितपुर महानगरपालिका वडा नं. २३ र २४ सँग तथ्यपाटी मिडिया प्रा.लिको सहकार्य तथा जे.बि. एजुकेसनको आयोजनामा आयोजित 'विकासका लागि पठन संस्कृति संवाद श्रृंखला-७' विषयक कार्यक्रममा बोल्दै वक्ताहरूले प्रविधिको विकाससँगै पढ्ने संस्कृति हराउँदै गएकाले नेपाली समाजमा किताबमात्र नभई पत्रपत्रिकाका समाचारका बारेमा समेत समुदाय बेखबर हुन थालेकोमा चासो व्यक्त गरेका हुन्।

कार्यक्रमका वक्ताहरूले हरेक मानिसले आफ्नो इच्छा र रुचिअनुसारको पुस्तक तथा समाचार सामग्री अध्ययन गर्न पाउँदा समाजमा ज्ञानको ज्योति बढ्दै जानेमा जोड दिएका छन्।

ललितपुर महानगरपालिका वडा नं. २४ का वडाध्यक्ष दिनेशजंग पाण्डेले वडाको प्रमुख भएर काम गर्नसमेत अध्ययनबिना सहज नहुने उल्लेख गर्दै बेला-बेलामा परिवर्तन हुने ऐन, नियम, कानुन, कार्यविधि आदिबारे जानकार रहन वडाध्यक्षलगायत जनप्रतिनिधि अध्ययनबिना अघि बढ्न नसक्ने बताए।

अध्यक्ष पाण्डेले आफूले दैनिकरूपमा घरमा

अध्ययन गर्ने गरेको स्मरण गर्दै हरेक अभिभावकले आफ्ना बालबालिकालाई घरमा अध्ययन गर्न लगाउँदा उनीहरूले कस्तो र कुन तबरको पुस्तक अध्ययन गर्न चाहेका छन्, त्यसअनुसार पुस्तकको व्यवस्था गरिदिन सके विद्यार्थीमा कक्षागत ज्ञानका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ज्ञानसमेत बढ्ने चर्चा गरे। ललितपुर महानगरपालिका वडा नं. २३ का वडाध्यक्ष जीवन महर्जनले अध्ययनबिना वडाको काममा समेत अघि बढ्न नसकिने उल्लेख गर्दै हरेक मानिसको जीवनमा अध्ययन दैनिक आवश्यक रहेको औंल्याए।

मानवीय चेतना विस्तारका लागि आवश्यक कुरा भनेको केवल अध्ययन गर्ने बानी रहेको उल्लेख गर्दै पुस्तक अध्ययन गर्दा एकैपटक मानिसका महत्वपूर्ण पाँच अंग आँखा, कान, मुख वा जिब्रो, छाला वा हात र नाकले काम गर्ने शिक्षाविद् दीपकराज जोशीले बताए।

इतिहासमा घर-घरमा रामायण, महाभारत, गीता आदि पुस्तक अध्ययन गर्ने चलन रहेको स्मरण गर्दै शिक्षाविद् जोशीले अहिलेको समय केवल मोबाइल चलाउनमै केन्द्रित भएकाले पठन संस्कृतिप्रतिको लगाव कम हुँदै गएको बताए। उनले स्वास्थ्यका दृष्टिकोणले समेत पढ्नु अत्यन्तै महत्वपूर्ण रहेको धारणा व्यक्त गरे।

पढाइप्रति अत्यन्तै लगाव र बफादार भएका कारण भारतीय रहस्यवादी गुरु एवं आध्यात्मिक व्यक्तित्व ओशोको नाम समाजमा सदैव उच्च स्थानमा रहेको स्मरण गर्दै नेपाली वाङ्मयका शताब्दी पुरुष सत्यमोहन जोशी, महाकवि लक्ष्मीप्रसाद देवकोटा, महामानव बीपी कोइराला तथा जननेता मदनकुमार भण्डारीमा भएको असीमित ज्ञानका कारण समाजमा उनीहरू सदैव पुकारिने गरेको चर्चा गरे।

कार्यक्रममा विश्वका प्रसिद्ध प्रविधि उद्यमी तथा व्यावसायिक दिग्गज इलोन मस्कको 'मैले अध्ययन गरेरै रकेट बनाउन सिकेको हुँ' भन्ने भनाइ उद्धृत गर्दै उनले आज पठन संस्कृतिको विकास र अध्ययनकै कारण विश्वसामु परिचित हुनुका साथै महान् बन्नसमेत सफल भइरहेको बताए। मानिसमा अध्ययन गर्ने बानीको विकास भए त्यसले मानिसलाई सत्य, स्पष्ट, तथ्यपरक र तार्किक बनाउने स्मरण गर्दै मानिसलाई सोचेर बोल्न र सही बोल्न केवल अध्ययन र ज्ञानले मात्रै सहयोग गर्ने बहुसंख्यक वक्ताहरूले चर्चा गरे।

आख्यान लेखक धर्मलाल महर्जनले आफूमा पढाइप्रति खुबै लगाव भएका कारण आजसम्म चारवटा पुस्तक प्रकाशन गर्न सफल भएको बताउँदै पुस्तकालयको व्यवस्था हरेक वडामा हुनुपर्ने माग गरे। कलाकार महेशकुमार गिरीले वडाभित्र रहेका सबै कार्यालय, विद्यालयका साथै हरेक रेस्टुरेन्ट र होटलमा समेत पुस्तकालयको व्यवस्था गरी पुस्तक तथा पत्रपत्रिका अध्ययन गर्ने वातावरण बनाउनुपर्ने बताए। शिक्षासेवी पूर्वकर्मचारी सरिता पौडेलले वडाभित्र पुस्तक अध्ययन गर्ने स्थानको व्यवस्था हुँदा आफूले पनि केही पुस्तक सहयोग गर्ने प्रतिबद्धता जनाइन्।

मानवअधिकार रक्षक एवं पत्रकार दीपकप्रसाद घिमिरेले पढाइमार्फत जीवनोपयोगी कुरा प्राप्त गर्न सकिने बताउँदै लगनखेलमा अवस्थित पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान अर्थात् पाटन अस्पतालभित्र पुस्तक अध्ययन गर्ने व्यवस्था हुँदा छेउमै रहेको मानसिक अस्पतालमा आउने बिरामीको चाप कम हुँदै जाने भएकाले त्यसका लागि पहल गर्न सरोकारवालालाई सुझाव दिए।

शिक्षाकर्मी सफला पोखरेलले आफू शिक्षा क्षेत्रमा ३१ वर्ष अघिदेखि काम गर्दै आएको बताउँदै हरेक मानिसले राति सुत्नुअघि पुस्तक पढ्ने बानी बसाल्दा त्यसले मनलाई शान्ति दिने गरेको उल्लेख गर्दै अध्ययन गर्न आग्रह गरिन्।

संरक्षणसँगै पर्यटनको सम्भावना बोकेको बिरेठाँटीको 'अल्लाह आकृतिको शिला'

गणेश विक/मध्यान्ह
कास्की, ८ भदौ

कास्कीको अन्नपूर्ण गाउँपालिका-८ बिरेठाँटीस्थित मोदी खोलामा प्राकृतिक रूपमा फेला परेको 'अल्लाह आकृतिको शिला' संरक्षण गर्न थालिएको छ। धार्मिक आस्थासँग जोडिएको यो शिलालाई संरक्षण गर्दै बिरेठाँटीलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सम्भावना देखिएको छ।

स्थानीयका अनुसार चार-पाँच पुस्ताअघिदेखि नै मोदी खोलामा उक्त शिला देखिँदै आएको थियो। खोलाको बहाव तथा कटानका कारण जोखिम बढेपछि शिलालाई मोदी खोलाबाट निकालेर सुरक्षित स्थानमा राखिएको हो। हाल स्थानीयको सहयोगमा बनाइएको संरचनाभित्र शिलालाई संरक्षण गरेर राखिएको छ।

मुस्लिम समुदायकी अगुवा साहेदा बानुका अनुसार शिलालाई संरक्षणका लागि पोखरा वा अन्यत्र सार्ने तयारीसमेत गरिएको थियो। तर स्थानीयवासीले शिला अन्यत्र लैजान नदिएपछि बिरेठाँटीमै राख्ने निर्णय भएको हो। त्यसका लागि स्थानीय एक व्यक्तिले आफ्नो जग्गा उपलब्ध गराएपछि सोही स्थानमा संरचना निर्माण गरी शिला राखिएको बानुले बताइन्।

शिला संरक्षणका लागि स्थानीय तहले समेत चासो देखाएको छ। धार्मिक आस्थासँग जोडिएको स्थललाई व्यवस्थित बनाउँदै दर्शन तथा अवलोकनका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयास भइरहेको बताइएको छ। वडा नम्बर ८ का तत्कालीन अध्यक्ष किरण गुरुङले २०८० कात्तिक २२ गते शिला संरक्षणसम्बन्धी आवश्यक पहलका लागि जिल्ला प्रशासन कार्यालय कास्कीलाई पत्राचारसमेत गरेका थिए।

प्राकृतिक रूपमा फेला परेको धार्मिक आकृतिको शिलालाई व्यवस्थित रूपमा संरक्षण गर्न सके बिरेठाँटीको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने स्थानीयको अपेक्षा छ। पोखरा-घान्द्रुकलगायतका पर्यटकीय क्षेत्रतर्फ जाने पर्यटकका लागि बिरेठाँटी आफैंमा महत्वपूर्ण प्रवेशबिन्दु हो। त्यसैले धार्मिक आस्थासँग जोडिएको यो स्थललाई थप व्यवस्थित गर्न सके नयाँ पर्यटकीय आकर्षण थपिन सक्ने सम्भावना छ।

भाइरल...

गृहमन्त्री गुरुङले पीडितसँग उभिएर सोधपुछ गरे। कोट फुकालेर कुरा गरे। अनि, भुँइमा बसेर पनि संवाद गरे। सरकारका पाँच मन्त्रीले मध्यरातमा गरिमाका बुवाआमासँग तीनबुँदे सहमति गरे। त्यसपछि खाना खुवाएकोदेखि हामी खुसी छौं भन्ने धन्यवाद भिडियो पनि गृहमन्त्रीले कैद गरे र तत्कालै सार्वजनिक गराए।

गृहमन्त्री गुरुङको यो शैली कतिसम्म भद्दा थियो भने सत्तारुढ रास्वपाका महामन्त्री विपीन आचार्यले सोमबारको संसद् बैठकमै यसको विरोध गरे। उनले गरिमा चौधरी हत्याका विषयमा राज्य र समाज संवेदनशील नभएको टिप्पणी गरे। घटनापछि मृतकका परिवार र अभियुक्तको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिएको भन्दै आचार्यले भने, 'हामीले कस्तो समाज बनाइरहेका छौं ? मृतकको बुवाआमाले धन्यवाद भनेको भिडियो मन्त्रालयमा खिचिन्छ र कतै मेडिकल गर्दै गर्दा अभियुक्तले बोलेका कुरालाई सार्वजनिक तरिकाले पब्लिकमा राखिन्छ। यस्तो समाज बन्द गरिनुपर्छ।'

गृह मन्त्रालयमै गृहमन्त्रीले पीडितका तस्बिर र भिडियो भाइरल बनाइरहेका बेला बारामा प्रहरी हिरासतमा रहेका अभियुक्तको बयान सार्वजनिक भएको छ। यसले प्रहरीको अनुसन्धान र गोपनीयता भंग गरिदिएको छ।

बालिका चौधरीमाथि भएको जघन्य अपराधको घटनाका सम्बन्धमा सरकार र पीडित परिवारबीच तीनबुँदे सहमति भएको थियो। उक्त सहमतिप्रति पनि सांसदहरूले प्रश्न उठाएका छन्। नेपाली कांग्रेसकी सांसद प्रमिलाकुमारी गच्छदारले बलात्कारपछि हत्या गरिएकी गरिमा चौधरीको परिवारसँग सरकारले गरेको सम्झौतामाथि प्रश्न उठाइन्। सरकारले शालिक बनाउने सहमति गरेकोप्रति उनले प्रश्न गरिन्, 'एउटा शालिक ठड्याएर तीन वर्षीया बालिकाको जीवन फिर्ता आउँछ ?,' उनले भनिन्, 'सहमतिपत्रले तत्काल आन्दोलन रोक्न त सक्ला। राहतले क्षणिक पीडा त कम गर्ला, तर यसले दीर्घकालीन न्यायको अनुभूति र राज्यको विश्वास पुनर्स्थापित गर्न सक्दैन।'

कुनै घटनामा सडक तात्नेबित्तिकै मन्त्रीहरू आफैं जुर्मुराउने र स्थानीय प्रशासनलाई निकम्मा बनाउने शैलीले स्थानीय सरकार र स्थानीय प्रशासनमाथिको जनविश्वास घटेको उनको भनाइ छ। उनले भनिन्, 'यस्ता घटनामा कडा कानुनको कार्यान्वयनले राज्यको विश्वसनीयता तय गर्छ। जघन्य अपराधका घटनालाई जबरजस्ती वा दबाबपूर्ण रूपमा मिलापत्र गराउने मतियारलाई हदैसम्मको कानुनी सजाय सुनिश्चित गरियोस्। बलात्कार जस्तो जघन्य अपराधमा पीडितलाई न्यायको ढोका बन्द गराउने विद्यमान कानुनको संशोधन गरियोस्।'

शनिबार भएको सहमतिअनुसार जघन्य आपराधिक घटनामा नागरिकको अपेक्षाअनुसार विद्यमान कानुनमा रहेको कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेस गर्ने निर्णय भएको छ। त्यस्तै, पीडित परिवारको अपेक्षाअनुसार बालिका गरिमा चौधरीको शालिक निर्माण गर्ने, पीडित बालिकाका अभिभावकले आफ्नो रीतिरिवाज तथा संस्कारअनुसार अन्त्येष्टि गर्ने सहमति भएको गृह मन्त्रालयको स्रोतको दाबी छ। सहमतिपत्रमा नेपाल सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनील लम्साल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी तथा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले हस्ताक्षर गरेका छन्। पीडित परिवारका तर्फबाट गरिमा चौधरीका बुवा मनोजकुमार चौधरी र आमा मानमती चौधरीले हस्ताक्षर गरेका थिए।

सांसद गीताकुमारी सेन्दाङले बालिका तथा महिलामाथि बलात्कार र हत्याका घटनाले राज्यको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको बताइन्। 'घटना भएपछि केही दिन आवाज उठाएर मात्र पुग्दैन। यस्ता घटना दोहोरिन नदिनेगरी कानुनी राज्यको संयन्त्र बलियो बनाउनुपर्छ,' उनले भनिन्, 'आज देशमा दुईतिहाइको सरकार छ, त्यसैले सरकारसँग माग गर्न चाहन्छु, बलात्कारपछि हत्या गर्ने अपराधीलाई कडाभन्दा कडा सजाय र जन्मकैदको स्पष्ट प्रभावकारी कानुनी व्यवस्था गरियोस्।'

बाराको जितपुरसिमराकी तीन वर्षीया गरिमाको हत्याको विरोधमा देशभर विरोध प्रदर्शन भइरहेका छन्। गत साउन ३१ गते बिहान जितपुरसिमरा उपमहानगरपालिका-१ दसधुरे टोलकी तीन वर्षीया गरिमा एकाएक घरबाटै हराएकी थिइन्। नाबालिका छोरी हराएपछि अत्तालिएकी उनकी आमा मानमतीले साढे तीन घण्टासम्म खोजिन्, तर फेला पार्न सकिनन्। त्यसपछि उनले सिमरा र पथलैया प्रहरीलाई जानकारी गराइन्। प्रहरीले छोरी खोजिदिने आश्वासन दिएर फर्कायो। मानमती र उनको परिवारको भोक-निद्रा हराइसकेको थियो। उनीहरूले दुई दिनसम्म यताउता खोजे। २ भदौमा त्यहींको एउटा खाली घरमा गरिमा भेटिइन्, तर जीवित थिइनन्। बलात्कारपछि हत्या भएको अवस्थामा उनको शव फेला परेको थियो। घटनापछि प्रहरीले अभियुक्तलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ। सो घटनाका मुख्य आरोपित किशोरसहित नौजनामाथि प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले शान्ति सुरक्षाको जिम्मा लिएका गृहमन्त्रीले नागरिकको सुरक्षा, अपराध नियन्त्रण र न्याय दिने संयन्त्र बलियो बनाउन भूमिका खेल्नुपर्ने बताए। उनले मध्यान्हसँग भने, 'मुलुकमा शान्ति र नागरिकको सुरक्षाको जिम्मा लिएका गृहमन्त्रीले सुरक्षा र अपराध नियन्त्रणका संयन्त्रलाई बलियो बनाउन भूमिका खेल्नुपर्छ। त्यो पदले समस्या समाधान गर्ने हो। गृहमन्त्री कुनै सेलिब्रेटी होइन, त्यस्तो हुनुहुँदैन।'

गृहमन्त्री गुरुङको शैलीलाई सामाजिक सञ्जालमा मात्रै होइन, यो विषयले संसद्मा समेत प्रवेश पाएको छ। आन्दोलनमा पीडित पक्षसँग गृहमन्त्रीले खिचेको तस्बिरदेखि सिंहदरबारस्थित गृह मन्त्रालयमा गरिएको फोटो सेसनको विषय सोमबार प्रतिनिधिसभाको बैठकमा उठेको हो।

कसले...

भिडियो फेसबुक, एक्स (ट्विटर), टिकटक र रेडिटजस्ता प्लेटफर्ममा भाइरल भएपछि अनुसन्धान प्रक्रियामाथि नै प्रश्न उठेको छ।

यसले प्रहरीको असंवेदनशीलता, आरोपितको गोप्यता भंग र प्रहरी अनुसन्धान प्रभावित हुनसक्ने अपराध अनुसन्धानकर्ताहरूको दाबी छ। नेपाल प्रहरीका पूर्वडिआइजी रमेश खरेल यस्तो संवेदनशील विषयमा सबै पक्ष सतर्क हुनुपर्ने बताउँछन्। यो घटनाले प्रहरीको विश्वसनीयतामाथि समेत प्रश्न उठ्न सक्ने उनले दाबी गरे। नेपालको प्रचलित कानुनले अनुसन्धानका क्रममा रहेका आरोपितको पहिचान खुल्ने कुनै पनि सामग्री सार्वजनिक गर्न रोक लगाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभुप्रसाद ढकालले भिडियो खिच्ने प्रहरी कर्मचारी रहेको पुष्टि गर्दै उनीमाथि कारबाही हुने बताए। 'अनुसन्धानका क्रममा भएको कुराकानीको भिडियो खिचेर सार्वजनिक गर्ने प्रहरी हवल्दारलाई पक्राउ गरिएको छ,' उनले मध्यान्हसँग भने, यस घटनामा अन्य चारजनासमेत अनुसन्धानको घेरामा छन्। पक्राउ परेकाविरुद्ध फौजदारी कसुरमा अनुसन्धान अगाडि बढाइनेछ।'

वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को दफा १७ ले अनुसन्धानको सिलसिलामा रहेका व्यक्तिलाई सार्वजनिक गर्न नहुने व्यवस्था गरेको छ। 'कानुनबमोजिम अनुसन्धानको सिलसिलामा रहेको कुनै पनि व्यक्तिलाई लागेको कसुरका सम्बन्धमा सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म निजलाई अधिकारप्राप्त अधिकारीले कुनै पनि तरिकाले सार्वजनिक गर्न वा गराउनुहुँदैन,' उक्त दफामा भनिएको छ। आरोपित किशोरको बयान सामाजिक सञ्जालमा 'भाइरल' बनेपछि सोमबार दिनभर बारासहित मधेश प्रदेश प्रहरी संगठन नै आलोचित बनेको थियो। प्रहरीको कस्टडीमा लिइएको बयानको अडियो, भिडियो नै बाहिरिनुले प्रहरी प्रशासनमाथि गम्भीर प्रश्न खडा भएको हो। हातमा हत्कडी लगाइएका ती थुनुवाले निर्धक्कसँग आरोप स्वीकार गरेको भिडियोमा प्रस्ट देख्न र सुन्न सकिन्छ। उनले गरिमाको बलात्कार र हत्यामा आफू मात्र नभएर थप एक व्यक्ति संलग्न रहेको बताएका छन्। सिमरा चोकमा घर भएका प्रदीप खड्काको योजना र संलग्नतामा यो सबै भएको उनको दाबी छ। सोही बयानअनुसार प्रहरीले प्रदीप खड्कालाई समेत सोमबार नै पक्राउ गरिसकेको जनाएको छ।

ढुंगा...

त्यसको सम्भाव्यता अध्ययन गर्ने र व्यवस्थापन गर्ने अधिकार प्रदेशलाई दिएको छ। स्थानीय तहको हकमा अनुसूची-८ को २१ नम्बरमा 'जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण' स्थानीय तहको अधिकार सूचीमा राखिएको छ। यसको अर्थ स्थानीय तहलाई आफ्नो क्षेत्रमा रहेका खानी तथा खनिज स्रोतको संरक्षण गर्ने संवैधानिक जिम्मेवारी छ।

संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकारमा पनि यो विषय छ। यसबारे स्थानीय सरकार सञ्चालन ऐन २०७४ले स्थानीय तहको भूमिका फराकिलो बनाएको छ।

ऐनमा स्थानीय तहको काम, कर्तव्य र अधिकारअन्तर्गत खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्यांक संकलन, बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण तथा संवर्द्धनमा सहयोग र ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुंगाजस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनसमेत राखिएको छ।

अर्थात् स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई संरक्षण गर्ने निकायका रूपमा सीमित गरेको छैन। स्थानीय तहलाई निर्माणमुखी खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन, उपयोग र त्यससँग सम्बन्धित अनुमतिपत्र व्यवस्थापनसम्मको भूमिका दिएको छ।

यहीकारण संघीयता कार्यान्वयनपछि ढुंगा, गिट्टी र बालुवाको व्यवस्थापनमा स्थानीय तहले ठेक्का लगाउने, शुल्क उठाउने, उत्खनन क्षेत्र तोक्ने तथा वातावरणीय मापदण्ड पालना गराउने अभ्यास गर्दै आएका छन्।

तर, प्रस्तावित खानी तथा खनिज पदार्थ विधेयकले यो अधिकार संघमा राख्न खोजेको छ। यदि प्रस्तावित विधेयक जस्ताको तस्तै ऐनमा रूपान्तरित भए खनिज पदार्थसम्बन्धी अधिकार केन्द्रमै राख्नेछ।

असुरक्षित....

तर, राम्रो अनुगमन नहुँदा सुरक्षा र अव्यवस्था पनि उत्तिकै बढ्दो छ।

काठमाडौंको बालकुमारीस्थित न्यु फेमिली गर्ल्स होस्टेलमा बस्दै आएका छात्राहरूले खानामा किरा भेटिएपछि गुनासो गरे। त्यसपछि होस्टेल सञ्चालकले उल्टै उनीहरूमाथि दुर्व्यवहार गरेको भिडियो सार्वजनिक भएको छ।

छात्र-छात्रालाई सुरक्षित आवास र अभिभावकीय वातावरण दिनुपर्ने होस्टेलमै अस्वस्थ खाना, अनावश्यक यातना दिने र रातको समयमा छात्रालाई निकाल्नेसम्मको गम्भीर लापरबाही भेटिएको जिल्ला प्रशासन कार्यालय काठमाडौंले जनाएको छ। प्रशासनले उक्त होस्टेललाई तीन लाख रुपैयाँ जरिवाना गर्दै तत्काल सञ्चालनमा रोक लगाई तालाबन्दी गरेको छ। होस्टेलमा पटक-पटक बासी, सडेको तथा किरा परेको खाना खुवाउने गरेको अनुगमनका क्रममा पुष्टि भएको थियो। सामूहिक रूपमा विरोध जनाएका छात्राहरूलाई रातको समयमा होस्टेलबाट निकालिएको थियो।

गौशाला २६ (परिवर्तित नाम) होस्टेलमै बस्थिन्। सामान्यतया अभिभावकको अनुमतिबिना होस्टेलबाट छात्र-छात्रालाई रातमा बाहिर जान दिइँदैन। तर, होस्टेलबाटै सेलिब्रिटी क्रिकेटरसँग घुम्न निस्केका बेला आफू बलात्कृत भएको भन्दै उनले प्रहरीमा उजुरी दिएकी थिइन्।

यस्ता थुप्रै घटना छन्, जसले डेराको विकल्पमा उदाएका होस्टेल असुरक्षित देखाउँछन्। स्थानीय प्रशासन र महानगरपालिकाले कतिसम्म बेवास्ता गरेको छ भने काठमाडौं उपत्यकामा कति होस्टेल छन् र तिनमा कति विद्यार्थी बस्छन् भन्ने यकिन तथ्यांक कसैसँग छैन। जिल्ला प्रशासन, काठमाडौं महानगरपालिका, वडा कार्यालयहरू, नेपाल होस्टेल एसोसिएसन, होस्टेल व्यवसायी संघ कसैले पनि तथ्यांक राखेका छैनन्।

बिनादर्ता होस्टेल सञ्चालन गर्नु र दर्ता गरेकाले पनि नवीकरण नगर्दा समस्या आएको नेपाल होस्टेल एसोसिएसनका अध्यक्ष नरेन्द्रबहादुर बोहरा बताउँछन्। 'उपत्यकाबाहिरबाट विद्यार्थीहरू पढ्नका लागि काठमाडौं आउनुहुन्छ। जो विद्यालय पढ्नुहुन्छ, लोकसेवा तथा विदेश जानका लागि तयारी कक्षामा हुनुहुन्छ, उहाँहरूका लागि हो होस्टेल,' उनले भने, 'पछिल्लो समय धेरै बेथिति भएकै हो। अनुगमन गर्नुपर्ने निकायले चासो नदिएकै हो।' थुप्रै होस्टेल बिनादर्ता, बोर्ड नै नराखी सञ्चालन भइरहेको जानकारी आफूले पाएको बोहरा बताउँछन्।

विद्यार्थी तथा पेसाकर्मीहरूको आवासको स्तर उकास्ने दृष्टिकोणका साथ घरबाट टाढा रहने सबैका लागि सुरक्षित, स्वच्छ र व्यवस्थित पारिवारिक वातावरण निर्माण गर्न होस्टेल सञ्चालन गरिएको उनी बताउँछन्। उनी भन्छन्, 'नेपालमा शैक्षिक र व्यावसायिक क्षेत्रको विस्तारसँगै भरपर्दो आवासको आवश्यकता बढ्दै गइरहेको छ। होस्टेल व्यवस्थापन अभ्यासलाई आधुनिकीकरण गर्न, विद्यार्थीलाई उत्कृष्ट बसाइको अनुभव सुनिश्चित गर्न होस्टेल सञ्चालन गरिएको हो। तर, विकृतिहरू आए।' दर्ता गरेर राज्यका निकायले अनुगमन गर्नासाथ अहिलेका धेरै समस्या समाधान हुने बोहरा बताउँछन्।

दुई वर्षदेखि दर्ता छैनन् होस्टेल

बितेको एक दशकमा काठमाडौंमा होस्टेलको संख्या बढिरहे पनि व्यवस्थित गर्नतर्फ सम्बद्ध निकायको चासो देखिँदैन। होस्टेलको माग कतिसम्म बढ्यो भने होटल घर वा होटललाई नै होस्टेलका रूपमा सञ्चालन गरेकोसमेत पाइएको छ। एउटै कोठामा क्षमताभन्दा बढी पनि बेडहरू राखिएका छन्। होस्टेलहरू नियमन, अनुमगन नहुँदा उच्छृंखल गतिविधि पनि बढ्न थालेका छन्। दुई वर्षदेखि काठमाडौं महानगरले नयाँ होस्टेल सञ्चालनमा कडाइ गरेको छ। तर, होस्टेल सञ्चालकहरूले मापदण्ड नै पूरा नगरी व्यावसायिक रूपमा होस्टेल सञ्चालन गर्दै आएका छन्।

काठमाडौं महानगरपालिकाले २०८० मा होस्टेल सञ्चालन मापदण्ड ल्याएको थियो। मापदण्डअनुसार, होस्टेलले एउटा कोठामा दुईजनाभन्दा बढी विद्यार्थी राख्न नपाउने, विद्यार्थीको आइडी कार्ड अनिवार्य महानगरलाई बुझाउनुपर्नेलगायत छन्। तर, यी मापदण्डअनुसार अधिकांश होस्टेल सञ्चालनमा छैनन्। मापदण्ड पूरा नगरेका होस्टेललाई महानगरले दर्ता गर्दैन। प्रक्रिया पूरा गर्न होस्टेलले नै मान्दैनन्। दर्ता नभए पनि होस्टेल खुल्ने क्रम भने रोकिएको छैन।

पछिल्लो दुई वर्षदेखि महानगरले होस्टेल नवीकरण र दर्ता नगरेको होस्टेल व्यवसायी संघ नेपालका अध्यक्ष किरण शर्मा बताउँछन्। 'व्यवसायीले दर्ता गरेर होस्टेल चलाउँछु भन्दा पनि वडाले नै दर्ता गरेको छैन,' उनले भने, 'होस्टेलको अनुगमन भइरहेको छ, प्रक्रियामा लिनका लागि भन्दै महानगरले नै दर्ता नगरेको अवस्था छ।'

शंखमूलमा घटना हुनुअघि १८२ वटा होस्टेल सञ्चालनका लागि अनुमति लिने प्रक्रियामा रहेको उनले बताए। सो क्षेत्रमा मात्र सयको हाराहारीमा होस्टेल सञ्चालनमा रहेको उनले बताए। शर्माका अनुसार, तीमध्ये धेरैजसो गर्ल्स होस्टेल छन्।

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले प्रक्रिया पूरा गरेर सञ्चालनमा आएका होस्टेलहरूको दर्ता भइरहेको बताउँछन्। उनी भन्छन्, 'होस्टेल सञ्चालन गर्नु सामान्य कुरा होइन, महानगरको होस्टेल मापदण्डको पूरा गरेर आउनुस्, दर्ता हुन्छ।' महानगरले होस्टेल मापदण्डअनुसार सञ्चालनमा भए/नभएको बारेमा अनुगमन गर्दै आइरहेको दाबी गरे पनि व्यवहारमा देखिँदैन।

मापदण्डअनुसार सुधार गर्न एकमहिने अल्टिमेटम

होस्टेलहरू अव्यवस्थित एवं असुरक्षित भएका थुप्रै घटना बाहिरिएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले मापदण्डअनुसार सुधार गर्न एकमहिने अल्टिमेटम दिएको छ। होस्टेलहरूमा विद्यार्थीमाथि अमानवीय व्यवहार हुने गरेको, चर्को शुल्क असुलिएको, पूर्वाधार कमजोर रहेको र लागुऔषधको समेत प्रयोग बढेको जस्ता गम्भीर गुनासा आएपछि प्रशासनले सूचना नै जारी गरेर यस्तो निर्देशन दिएको हो।

होस्टेलभित्रै झडप भई विद्यार्थीको मृत्युसमेत भएको, सरसफाइ र खानाको गुणस्तर नभएको तथा सुरक्षा प्रबन्ध फितलो रहेको भन्दै प्रशासनले सबै निजी होस्टेल सञ्चालकलाई एक महिनाभित्र तोकिएको २१ बुँदे व्यवस्था मिलाउन निर्देशन दिएको छ। '७७ जिल्ला ७५३ स्थानीय तहबाट आउने भविष्य खोज्न आउने विद्यार्थीलाई होस्टेलमार्फत सुविधा दिइरहनुभएको छ,' प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले भने, 'तर पछिल्लो घटनाक्रममा झडप भएर हत्यासम्मको स्थिति हुनु, होस्टेलमै शारिरक यातना दिनु, मध्यरातमा छात्राहरूलाई होस्टेलबाटै निकाल्नु घटनालाई प्रशासनले चुपचाप हेरेर बस्दैन।'

प्रशासनले जारी गरेको सूचनाअनुसार अब सबै होस्टेलहरूले तोकिएको निकायमा अनिवार्य रूपमा दर्ता एवं नवीकरण गर्नुपर्नेछ भने लाग्ने शुल्क र दररेट सबैले देख्नेगरी पारदर्शी रूपमा प्रकाशन गरी सोहीअनुसार मात्र रकम लिनुपर्नेछ। त्यसैगरी, होस्टेलमा बस्ने विद्यार्थी र सञ्चालकबीच अनिवार्य सम्झौता हुनुपर्ने र अन्य व्यक्तिको घर भाडामा लिएर सञ्चालन गरेको भए सञ्चालकले घरधनीसँग पनि अनिवार्य रूपमा घरभाडा सम्झौता गरेको हुनुपर्ने व्यवस्था गरिएको छ। सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै कोठा र शौचालयजस्ता संवेदनशील स्थानबाहेक अन्य स्थानको निगरानीका लागि अनिवार्य रूपमा सिसिटिभी जडान गर्नुपर्नेछ।

होस्टेलमा चौबिसै घण्टा जिम्मेवार वार्डेन र निजी सुरक्षाकर्मीको व्यवस्था हुनुपर्नेछ भने सञ्चालक, वार्डेन र होस्टेलमा बस्ने सम्पूर्ण विद्यार्थीको अद्यावधिक व्यक्तिगत विवरण नजिकको प्रहरी कार्यालयमा अनिवार्य रूपमा बुझाउनुपर्नेछ। यसका साथै, होस्टेलभित्रको आन्तरिक सुरक्षा मजबुत बनाउँदै कुनै पनि प्रकारको लागुऔषध, मादक पदार्थ, चुरोट तथा सुर्तीजन्य पदार्थको प्रयोग र बिक्री वितरणमा पूर्ण बन्देज लगाउन प्रशासनले कडा निर्देशन दिएको छ। पूर्वाधारका हकमा महिला र पुरुष दुवैका लागि सञ्चालनमा रहेका होस्टेलहरूले अनिवार्य रूपमा छुट्टाछुट्टै कार्यालय र आवास भवनको व्यवस्था गर्नुपर्नेछ। प्रत्येक कोठाहरू फराकिलो र पर्याप्त हावा-प्रकाश छिर्ने हुनुपर्ने, व्यवस्थित पुस्तकालय र अध्ययन कक्ष हुनुपर्ने तथा शुद्ध पिउने पानी, बिजुली र इन्टरनेटको वैकल्पिक व्यवस्थासमेत गरिएको हुनुपर्नेछ। होस्टेलको सरसफाइ र खाद्यान्नको गुणस्तर कायम गर्नुपर्नेछ भने आपत्कालीन अवस्थाका लागि 'फायर एक्स्टिंगुइसर' र प्राथमिक उपचारका सामग्री अनिवार्य राख्नुका साथै आपत्कालीन सम्पर्कका लागि सरकारी निकायका फोन नम्बर सबैले देख्नेगरी टाँस्नुपर्नेछ। तोकिएको एक महिनाको अवधिमा यी सम्पूर्ण मापदण्ड पूरा नगर्ने निजी होस्टेल सञ्चालकलाई कानुनबमोजिम कडा कारबाही गरिने उनले बताएका छन्।

सिन्डिकेटको ...

निवेदन आवश्यक हुने भन्दै कम्पनीको लेटरप्याडमा निवेदन माग गरेको हो।

सोमबारको छलफलमा सहभागी नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले २५ व्यवसायीलाई उक्त निवेदनको एक प्रति संघलाई पनि दिन भनिएको बताए। मन्त्रालयलाई निवेदन बुझाउने समयसीमा नतोकिए पनि यथाशक्य छिटो पठाउनुपर्ने अध्यक्ष खत्रीले बताए। निवेदनको फर्म्याट संघको समन्वयमा तयार गरिने बताइएको छ।

२५ म्यानपावर कम्पनीको सूचीमा फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि., लाल धनुष इन्टरनेसनल सर्भिस, नेपाल प्लेसमेन्ट एजेन्सी प्रा.लि., द रिभर ओभरसिज प्रा.लि., एसिया लिंक सर्भिसेस प्रा.लि., मोन्टेज ओभरसिज प्रा.लि., नेपाल एचआर सोलुसन प्रा.लि., स्काइ पावर इन्टरनेसनल सर्भिसेस, ट्रस्ट नेपाल ओभरसिज प्रा.लि., एक्सेस पार्टनर्स प्रा.लि., ह्वाइट हर्स इन्टरनेसनल प्रा.लि., ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेस प्रा.लि., बी.एम. ओभरसिज प्रा.लि., इन्डो अरब म्यानपावर प्रा.लि., संयोग ओभरसिज प्रा.लि., ट्यालेन्ट ओभरसिज सर्भिसेस प्रा.लि., वाइड स्पेस इन्टरनेसनल, खोजी रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि., ए.एन.एस. एसोसिएट्स प्रा.लि., अल-हयात म्यानेजमेन्ट सिस्टम प्रा.लि., अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्सेस, बिलिभेबल ओभरसिज प्रा.लि., डि स्क्वायर्ड ग्रुप, डीडी ह्युमन रिसोर्सेस ग्रुप प्रा.लि. र प्यारामाउन्ट इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि. रहेका छन्।

सोमबारको छलफलमा एसिया लिंक सर्भिसेस प्रा.लि.का सञ्चालक मिलन कट्टेल, ट्रस्ट नेपाल ओभरसिज प्रा.लि.का रबिन गुरुङलगायत ३ म्यानपावर कम्पनीका सञ्चालक र अन्यका प्रतिनिधि छलफलमा सहभागी भएका थिए।

मन्त्रालयले संघको समन्वयमा भएको छलफलको निष्कर्षअनुसार परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल अघि बढाउने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिए।

श्रम मन्त्रालयले मलेसियाको एसडब्लुसिएमएस पोर्टलको 'रिक्रुटमेन्ट एजेन्सी'मार्फत मलेसिया जाने नेपाली श्रमिकका लागि २५ वटा संस्थाहरूको सूची मान्य नहुने भन्दै पुरानो प्रणाली नै कायम हुनुपर्ने अडान सार्वजनिक गरिसकेको छ।

छलफलमा सहभागी एसिया लिंकका सञ्चालक कट्टेलले एफडब्लुसिएमएसमा संलग्न हुन नचाहेको र उक्त प्रणालीबाट आफ्नो कम्पनीको नाम फिर्ता गराउन सरकारले दिने सबै निर्देशन निःशर्त पालना गर्ने प्रतिबद्धता जनाएको भन्दै सरकारले आफ्नो कम्पनी र सम्पत्तिको संरक्षण गर्नुपर्ने माग भने आफूले राखेको बताए।

कट्टेलले मलेसियामा नयाँ प्रणाली लागू हुने, तर नेपाल अन्योलमा बस्ने अवस्थाले नेपालको आकर्षक श्रम गन्तव्य लामो समयका लागि बन्द हुनसक्ने खतरातर्फ सरकार तथा व्यवसायी सचेत हुनुपर्ने आफ्नो धारणा रहेको समेत बताए।

छलफलमा सहभागी ट्रस्ट ओभरसिज नेपालका गुरुङले मलेसिया रोजगारीमा सिन्डिकेट हुनुहुँदैन भन्ने विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, आम व्यवसायी र ट्रस्ट नेपालको समान धारणा रहेको भन्दै एफडब्लुसिएमएसबाट कम्पनीको नाम फिर्ताका लागि संघ र मन्त्रालयलाई जुनसुकै सहयोग गर्न आफू तयार रहेको बताए।

शिक्षा विधेयकको गाँठो फुकाउँदै सरकार

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ८ भदौ

सरकारले ५५ वर्षपछि ल्याउन लागेको विद्यालय शिक्षा ऐनको लागि गृहकार्य गरेको छ । पुरानो शिक्षा ऐनलाई विस्थापित गर्दै नयाँ संघीय संरचना, बदलिँदो शैक्षिक आवश्यकता, प्रविधि, शिक्षक व्यवस्थापन र विद्यालयको गुणस्तर सुधारलाई सम्बोधन गर्ने अपेक्षासहित सरकारले नयाँ विद्यालय शिक्षा ऐन ल्याउने गृहकार्य गरेको हो। यसअघि विद्यालय शिक्षा ऐन तथा विधेयकको निर्माण, परिमार्जन र शिक्षकका मागका सन्दर्भमा शिक्षक महासंघका प्रतिनिधिहरू तथा मन्त्रालयका अधिकारीहरूबीच पटक-पटक औपचारिक तथा प्राज्ञिक स्थलहरूमा छलफलहरू हुँदै आएका थिए। तर शिक्षा ऐन आउन सकेको थिएन्।

मन्त्रालयका अनुसार सातै प्रदेशमा सञ्चालन गरिएको शिक्षा संवादबाट प्राप्त सुझावलाई समेटेर संघीय संसद्को हिउँदे अधिवेशनअघि विद्यालय शिक्षा ऐन ल्याउने तयारी भइरहेको छ । अब बन्ने विद्यालय शिक्षा ऐन विद्यार्थी केन्द्रित, बालमैत्री तथा अभिभावकको हितमा हुनुपर्ने, सामुदायिक विद्यालयमा मात्र नभइ निजी विद्यालयमा अध्ययनरत बालबालिकाको शिक्षाको दायित्व पनि राज्यले नै लिनुपर्ने लगाएतमा गृहकार्य भएको शिक्षा तथा खेलकुद मन्त्रालयले जनाएको छ । २०२८ पछि पहिलोपटक विद्यालय शिक्षा

ऐन निर्माण प्रक्रिया अघि बढेको हो।

शिक्षाविद् विद्यानाथ कोइरालाले सातै प्रदेशमा गरिएको शिक्षा नीति संवादका क्रममा शिक्षक नियुक्ति, स्थायित्व, बढुवा, प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका शिक्षक तथा कर्मचारी व्यवस्थापन, प्राविधिक शिक्षा र विद्यालय संरचनासम्बन्धी ख्याल गर्नु पर्ने बताउँछन्। 'विद्यालय शिक्षाको गुणस्तरको स्पष्ट खाका र भविष्यको दिशानिर्देश गर्ने ऐन आवश्यक छ, विद्यार्थी प्रविधिमैत्री भइरहेका छन्। अब शिक्षकलाई कसरी प्रविधिमैत्री बनाउने भन्ने स्पष्ट दृष्टिकोण पनि ऐन र त्यसपछिका नीतिमा हुनुपर्छ' उनले भने । कोइरालाले शिक्षकको दर्ता, स्थायी नियुक्ति, बढुवा तथा विद्यालय संरचनालगायत विषय विधेयकमा स्पष्ट हुनुपर्ने बताए । शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले नयाँ ऐन विद्यार्थी र शिक्षकमैत्री हुनुपर्ने धारणा राखे । महासंघले आफ्ना सुझाव मन्त्रालयमा बुझाइसकेको उल्लेख गर्दै उनले ती मागलाई विधेयकमा समेट्न आग्रह गरे । प्रशासनिक व्यवस्थापनको दस्तावेज नभई बालबालिकालाई विद्यालयप्रति आकर्षित गर्ने, अभिभावकलाई विश्वास दिलाउने र निजी तथा सामुदायिक दुवै क्षेत्रका विद्यार्थीको शैक्षिक अधिकार सुनिश्चित गर्ने शिक्षा ऐन बन्नुपर्ने उनले बताए।

शिक्षामन्त्री सस्मित पोखरेल विद्यालय शिक्षा विधेयक निर्माणलाई सरकारको प्रमुख प्राथमिकतामा राखिएको बताउँछन् । शिक्षाका सरोकारवालाहरुबाट आएको सुझावलाई दस्ताबेजीकरण गरी विधेयकलाई अन्तिम रूप दिने उनले बताए । 'विद्यार्थीमैत्री विद्यालय शिक्षा विधेयक निर्माणका क्रममा सरोकारवालाका सुझावलाई समेटेर छिट्टै ऐन ल्याउने प्रयासमा मन्त्रालय लागेको छ,' मन्त्री पोखरेलले भने,' गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षामा पर्याप्त लगानी आवश्यक छ ।' अन्तर्राष्ट्रिय अभ्यासअनुसार शिक्षा क्षेत्रमा कुल बजेटको करिब २० प्रतिशत लगानी गर्नुपर्ने भए पनि नेपालका लागि त्यो लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण रहेको बताए । उनले भने,'हाल शिक्षा क्षेत्रमा विनियोजित बजेटको ७० प्रतिशत हिस्सा स्थानीय तहमा जाने गरेको छ ।' शिक्षा प्रणालीका कमजोरीलाई विद्यार्थी, शिक्षक, अभिभावक र सरकारले स्वीकार गरी सामूहिक रूपमा सुधारका लागि अघि बढ्नुपर्ने उनले बताए ।

शिक्षक महासंघको ५४ बुँदे माग

नेपाल शिक्षक महासंघले शिक्षा तथा खेलकुद मन्त्रालयमा बुझाएको ५४ बुँदे मागपत्रको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत गराएको छ । महासंघले शिक्षकका माग तथा शिक्षा क्षेत्रका समस्यालाई मन्त्रालयस्तरमा मात्र सीमित नराखी सरकारको उच्च तहमा समेत पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री कार्यालयमा पत्र पठाएको जनाएको छ । महासंघका अध्यक्ष सुवेदीले शिक्षकका मुद्दालाई मन्त्रालयको सीमाभित्र मात्र नराखी सरकारको साझा जिम्मेवारीका रूपमा अघि बढाउनुपर्ने बताएका छन् । 'यो विषयलाई मन्त्रालयको सीमामा राख्न खोजिएको छैन,' अध्यक्ष सुवेदीले भने । महासंघले शिक्षा सुधार, शिक्षकका पेशागत हकहित तथा शिक्षा क्षेत्रमा देखिएका समस्याको समाधानका लागि सरकारले गम्भीरतापूर्वक पहल गर्नुपर्ने माग गरेको छ ।' साथै, ५४ बुँदे मागलाई सम्बोधन गर्न सरकारका सम्बन्धित निकायबीच समन्वय र आवश्यक निर्णय लिन आग्रह गरेको छ ।

बहिरा युवालाई एकमहिने बारिस्टा तालिम

पर्यटन क्षेत्रमा समावेशी सहभागिता बढाउने लक्ष्य

मध्यान्ह संवाददाता
काठमाडौं, ८ भदौ

पर्यटन तथा आतिथ्य क्षेत्रमा बहिरा युवायुवतीको सहभागिता बढाउने उद्देश्यले काठमाडौंमा एकमहिने कफी तथा पेय पदार्थ बनाउने तालिम सुरु गरिएको छ।

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) नेपालको सहलगानीमा सञ्चालित दिगो पर्यटन परियोजनाअन्तर्गत राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा सोमबारदेखि तालिम सञ्चालन भएको हो।

काठमाडौंस्थित टिन टङ क्याफे तथा कफी तालिम केन्द्रमा सञ्चालन भएको तालिममा २० जना बहिरा युवा-युवती सहभागी छन् । एक महिनासम्म सञ्चालन हुने तालिममा सहभागीलाई कफी तथा विभिन्न पेय पदार्थ बनाउने पेसाका लागि आवश्यक सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान र सीप प्रदान गरिने आयोजकले जनाएको छ।

महासंघका अध्यक्ष सन्तोष केसीको सभापतित्वमा आयोजित उद्घाटन कार्यक्रममा दिगो पर्यटन परियोजनाका परियोजना व्यवस्थापक धर्मराज दवाडी प्रमुख अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रममा बोल्दै दवाडीले तालिमले सहभागीको क्षमता विकाससँगै उद्यमशीलता र आयआर्जनमा

समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे । सीप हासिल गरेपछि बहिरा युवायुवतीलाई आत्मनिर्भर बन्न सहज हुने उनको भनाइ थियो।

तालिमका प्रमुख प्रशिक्षक सुमन खड्काले तालिममा सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षलाई प्राथमिकता दिइने बताए। उनले तालिम पूरा गर्ने सहभागीलाई सीटीईभीटीको प्रमाणपत्रसमेत प्रदान गरिने जानकारी दिए।

कार्यक्रममा महासंघका अध्यक्ष केसीले सहभागीलाई सीप सिकेर जीवनको लक्ष्यमा केन्द्रित हुँदै अगाडि बढ्न आग्रह गरे। तालिम पूरा गरेपछि रोजगारीका अवसरका लागि महासंघले आवश्यक समन्वय गर्ने प्रतिबद्धता पनि उनले जनाए।

तालिममा सञ्चारलाई सहज बनाउन नेपाली सांकेतिक भाषा दोभाषेको समेत व्यवस्था गरिएको छ। यसबाट सहभागीले तालिमका विषयवस्तु बुझ्न र प्रयोगात्मक अभ्यासमा सक्रिय रूपमा सहभागी हुन सहज हुने अपेक्षा गरिएको छ। प्रशिक्षणका क्रममा कफी तथा विभिन्न पेय पदार्थ तयार गर्ने तरिका, कफी मेसिन तथा उपकरणको प्रयोग, सरसफाइ र स्वच्छता, ग्राहक सेवा तथा कार्यस्थलमा आवश्यक व्यावसायिक व्यवहारलगायतका विषयमा प्रशिक्षण दिइनेछ।

तालिम सम्पन्न भएपछि सहभागीलाई काठमाडौंलगायतका होटल, क्याफे, बेकरी तथा पर्यटनसँग सम्बन्धित क्षेत्रमा रोजगारीका अवसरसँग जोड्ने लक्ष्य राखिएको छ । साथै, इच्छुक सहभागीलाई आफ्नै व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्नसमेत प्रोत्साहन गरिने महासंघले जनाएको छ।

राष्ट्रिय बहिरा महासंघ नेपालका अनुसार पर्यटन तथा आतिथ्य क्षेत्र रोजगारी र उद्यमशीलताका दृष्टिले महत्वपूर्ण सम्भावना बोकेको क्षेत्र हो । समान अवसर, पहुँचयुक्त सञ्चार र सीप विकासमार्फत बहिरा व्यक्तिलाई पर्यटन क्षेत्रको सक्रिय जनशक्तिका रूपमा स्थापित गर्ने उद्देश्यसहित सञ्चालन गरिएको यो तालिमले बहिरा युवाको आर्थिक आत्मनिर्भरता र सामाजिक सम्मान अभिवृद्धि गर्नुका साथै नेपालको पर्यटन क्षेत्रलाई थप समावेशी, पहुँचयुक्त र दिगो बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

कोशीका मुख्यमन्त्रीले पाए विश्वासको मत

काठमाडौं/मस- कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत पाएका छन् । सोमबार बसेको प्रदेश सभा बैठकबाट उनले विश्वासको मत पाएका हुन्।

मुख्यमन्त्री कार्कीको पक्षमा ५७ मत खसेको छ भने विपक्षमा २२ मत खसेको छ।कोशी प्रदेश सभामा नेकपा एमालेका ४० र नेपाली कम्युनिस्ट पार्टीका १७ सदस्य छन्। त्यस्तै विपक्षमा नेपाली कांग्रेस प्रदेश सभा सदस्यले मतदान गरेका छन्। नेपाली कांग्रेसका २९ प्रदेश सभा सदस्य छन्। राप्रपाका सांसदहरू भने तटस्थ बसे । कोशीमा राप्रपाका सभामुखसहित ५ सदस्य छन्। जनता समावादीकी एक मात्र प्रदेश सभा सदस्य निर्मला लिम्बू उपस्थित भइनन्।

हार्दिक बधाई तथा शुभकामना

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
Central Office: Pokhara-8, New Road, Kaski
Phone No. 061-583590,583634, Email: info@greenbank.com.np
Website: www.greenbank.com.np
१४ औं वर्षमा प्रवेश

बैंकले तेह्रौं वर्ष पुरा गरी चौधौं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं

IGI PRUDENTIAL INSURANCE LIMITED
सुरक्षाको पूर्वाधार, भविष्यको आधार
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं ।
फोन नम्बर: ४५११५१०, ४५११५२०,
Email: info@igiprudential.com ।
Web: www.igiprudential.com
Pokhara Branch, Ph.: 061-585135

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
Narayanchaur, Naxal, Kathmandu, Nepal
Ph.: +977-1-4546108, 4546109, 4546470
info@muktinathcapital.com

सलिको
SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

Ganesh Basnet
Managing Director
+977-9856008888
+977-9765622222
SAFE ZONE
Pokhara-20, Kaski, Nepal
SAFETY BEGINS WITH TEAMWORK

Er. Laxman Dahal , M.D
National Engineering Service Nepal Pvt. Ltd.
(Design, Nakshapash, Construction, Valuation)
Pokhara-25
Mob.: 9856024571
www.nationalengineering.com.np

Narayan Pandey
Managing Director
Elite Infosys

SYNTEGRATE
485 Kapan Marg, Bansbari
Kathmandu 44606, Nepal
contact@syntegrate.com.np

Er.: Amod Bhattarai/ Er. Amrit Bhattarai
Gandaki Engineering Consultancy Pvt Ltd
Pokhara-13
Mob.: 9840010007

Er. Rajan Sapkota
Narayani Training & Engineering Pvt. Ltd.
Gaidakot-01, Nawalparasi, Purva
Mob.: 9845132452,

City Engineering Consultancy
Er. Yam Bahadur Thapa
Pokhara
Mob.: 9846056870

NepalRemit
INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

Er. Bibek Baral
Sunrise Engineering Consultancy Services
Head Office: Pokhara-10, Amarsingh Chowk
Branch Office: Pokhara-27, Tal Chowk
Mob.: 9856022004

Er. Santosh Ojha
Popular Megha Engineering Consultancy
Pokhara-14, Chauthe, Kaski
Mob.: 9856033868

Er. Suni Mohan Poudel
S.N Engineering Services Pvt.Ltd.
Pokhara-30, Gagangauda, Kaski
Mob.: 9856023626

MARCH

मुल्य सूची प्रकाशित गरिएको बारे

मिति: २०८३/०५/०९

Bactopower BTI 5% As को अधिकतम बिक्री मुल्य निम्न अनुसार रहेको जानकारी गराईन्छ ।

Product	Rate (Per Ltr.)
Bactopower BTI 5% As	Rs.7,684/-

Sajeevan International Pvt. Ltd.
Shantinagar-31, Kathmandu
Contact: 9851112620
Email:Sajeevaninternational9@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२।०३।१५ मा दर्ता भएको **प्रा.लि. नं. ३६९४३९** को **कुनलुन होटल विथ रेस्टुरेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **हिमालय रेन्ज ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.(दर्ता नं.१३२७९३/०७१/०७२)** को मिति २०८३/०३/३२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

लिक्वीडेटर: राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१,
फोन नं. ९८५१०६८४११, इमेल: clnpservice@gmail.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०२०३४ बमोजिम मिति २०७७/०३/१९ मा दर्ता भएको **दर्ता नं. ७१३** को **प्रगतिशिल किाई विकास केन्द्र** संस्थाको मिति २०८३/०५/०५ मा सम्पन्न विशेष साधारणसभाले संस्था दर्ता ऐन, २०३४ को दफा १४ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

लिक्विडेटर: लक्ष्मण रिजाल, इजाजतपत्र नं. ६५७, फोन नं. ९८५१०१९८६४

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०९

यस कम्पनीको मिति २०८३।०३।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **वियोण्ड एल.पि.आर. प्रा.लि. (दर्ता नं. ३७३७५५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एल.पि.आर. हर्टिकल्चर एण्ड फ्लोरिकल्चर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०९

यस कम्पनीको मिति २०८३।०३।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **एल.पि.आर. एसोसिएट्स प्रा.लि. (दर्ता नं. ३५३२५१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एल.पि.आर. ग्लोकल हस्पिटालिटी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

PUBLIC NOTICE

Invitation for Proposal for Financial Due Diligence Audit (DDA) Services
Mewa Developers Limited, Krishna Galli-3, Lalitpur
Middle Mewa Hydropower Project (73.5 MW)
Notice Published Date: 25th August 2026

Mewa Developers Limited, a hydropower company incorporated under the Companies Act, 2063, invites sealed proposals from eligible, experienced, and reputed practicing Chartered Accountant firms/consultants for conducting a Financial Due Diligence Audit (DDA) of the Company as per the Terms of Reference (TOR) available with this notice.

1. **Brief Scope of Work** The assignment includes, inter alia, review of cash outflows, related party transactions, compliance with internal financial policies and approval matrix, assessment of financial loss/opportunity cost arising from unauthorized or conflicted transactions, review of advances and uncertified expenses, and overall review of the Company's financial position as on Ashad end 2083. (Detailed TOR available upon request)
2. **Eligibility Criteria**
   - Minimum 15 years of experience in accounts, auditing, and consulting as a practicing Chartered Accountant
   - Demonstrated experience of minimum 5 Financial DDA assignments of limited companies, including minimum 3 DDAs of hydropower projects/companies
   - Valid ICAN registration/Certificate of Practice
   - Not blacklisted by any government or regulatory authority
3. **Proposal Submission** Interested and eligible consultants/firms are requested to submit their Technical Proposal and Financial Proposal in two separate sealed envelopes, clearly marked **"Technical Proposal"** and **"Financial Proposal,"** both enclosed in a single outer sealed envelope marked:
   "Proposal for Financial Due Diligence Audit of [Company Name] — Not to be opened before the Deadline of Submission Closure
4. **Submission Details**

Particulars	Details
Last date for submission	1st September 2026
Submission address	KrishnaGalli-3, Lalitpur, Nepal
Mode of submission	Physical Copy
Pre-proposal queries	Bipin Sigdel, bipin.sigdel@urjadeveloper.com ,+977-9801974915

5. **Evaluation** Proposals will be evaluated based on eligibility, technical qualification, and financial proposal as per the Company's approved selection criteria. The Company reserves the right to accept or reject any or all proposals without assigning any reason whatsoever, and to negotiate terms with the selected consultant.
6. **Contact for TOR/Further Information**
   Bipin Sigdel, bipin.sigdel@urjadeveloper.com ,+977-9801974915,
   Krishnagalli-3, Lalitpur, Nepal

मलेसियामा रोजगार

कम्पनी : MITSUHO ELECTRONICS SDNBHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८३/०२/१२ — चलानी नं.: ६०२५६०१९ — LT. No.: 342691 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker/P.O.	5	0	स. काममा दक्ष	1700	६४,३२८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : SQUAD SECURITY JOINT SERVICES SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ६०२५२६२८ — LT. No.: 339164 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guards	33	0	स. काममा दक्ष	1700	६४,३२८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 22/048/049
Apollo Menpower Services Pvt. Ltd.
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

साउदीमा रोजगार

कम्पनी: CATRION CATERING HOLDING COMPANY — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८३/०५/०८ — चलानी नं.: ६०२६०२०४ — LT. No.: 347017

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter	7	0	स. काममा दक्ष	1500	६१,०५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
श्रम ईजाजत न.: ८७५/०६६/०६७
Contact Person : 9802039471 , E-mail : info@luckyhrsolution.com

ओमनमा रोजगार

कम्पनी : UNITED BUSINESS PILLARS SPC — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८३/०५/०८ — चलानी नं.: ६०२६०२०८ — L.T. No.:347098

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Construction Worker	40	0	सम्बन्धित काममा दक्ष	120	४७,६३४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	General Builder	20	0		130	५१,६०३							
3.	Concrete Forms Carpenter	20	0		130	५१,६०३							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

New Sambriddhi Overseas Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस CG MAW Evolution Pvt. ले china बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं.	माल बस्तुको विवरण	आकार प्रकार	ब्राण्ड	मोडल	मोटर	सिट क्षमता	उत्पतिको मुलुक/राष्ट्र	इकाई	प्रति इकाई	अधिकतम खुद्रा बिक्री मूल्य (MRP)
1	SUV	Car/Jeep	AVATR	AVATR 07 (SC6480AAAJBEV)	190 KW	5 Seats	China	Pcs	2,30,000,00/-	2,30,000,00/-

Company Name: CG MAW Evolution Pvt. Ltd.
Location: Sanepa, Lalitpur
VAT no. 302770113
Phone no .: +977-9709009090

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

चियाको बजार विस्तार

नेपाल चिया उत्पादनमा आत्मनिर्भर छ । हजारौं किसानका लागि चियाखेती रोजगारी र आम्दानीको महत्त्वपूर्ण आधार बन्दै गएको छ । सहकारी अभियानले साना किसानलाई संगठित गर्दै उत्पादन, प्रशोधन र बजारसम्म पुग्ने आधार पनि तयार गरेको छ । देशभर करिब १८ देखि २० हजार किसान व्यावसायिक चिया खेतीमा संलग्न छन् भने ११० चिया सहकारी सञ्चालनमा छन् । तर, उत्पादन बढ्दै जाँदा बजारको समस्या पनि गहिरिँदै गएको छ ।

नेपालमा वार्षिक करिब तीन करोड किलो तयारी चिया उत्पादन हुन्छ । यसमध्ये ठुलो हिस्सा भारतमा निर्यात हुँदै आएको छ । नेपाली चियाको करिब ७० प्रतिशत भारतीय बजारमा निर्भर हुनु उद्योगका लागि ठुलो जोखिम हो । भारतले बेलाबखत आयातमा गुणस्तर परीक्षण र अन्य प्रक्रियागत झन्झट खडा गरेर नेपाली चिया रोक्ने गरेको छ । यस वर्ष पनि परीक्षण प्रक्रियाका कारण इलाम र झापाका दर्जनौं चिया उद्योग प्रभावित भएको र ठुलो परिमाणमा चिया गोदाममै थन्किन पुग्यो । यस्ता अवरोधको प्रत्यक्ष मारमा चिया किसान छन् । चियाले बजार नपाउँदा किसानले उत्पादनको मूल्य र भुक्तानीसमेत पाउँदैनन् । त्यसैले नेपाली चियाको समस्या उद्योगीको मात्र नभई हजारौं किसानको जीविकोपार्जनसँग पनि जोडिएको छ ।

अब नेपालले भारतलाई मात्र दोष दिएर बस्ने अवस्था छैन । छिमेकी मुलुक हाम्रो महत्त्वपूर्ण बजार हो । व्यापारिक सम्बन्धलाई अझ व्यवस्थित बनाउँदै निर्यातको सरल र व्यवस्थित स्थिरता खोजिनुपर्छ । साथै, वैकल्पिक बजार विस्तारमा पनि अब ढिलाइ गर्नु हुन्न । युरोप, अमेरिका, क्यानडा, जापान, चीनलगायत बजारमा नेपाली चियाको सम्भावना खोजिनुपर्छ । नेपालले विगतमा ३५ भन्दा बढी मुलुकमा चिया निर्यात गरेको तथ्यले पनि नयाँ बजार विस्तार सम्भव छ भन्ने देखाउँछ । यसका लागि सरकारले अनुदान बाँड्नेभन्दा उत्पादन र बजारको पूर्वाधारमा लगानी गर्नुपर्छ । नेपाली चियाको गुणस्तर प्रमाणीकरण, ट्रेसिबिलिटी, अर्गानिक उत्पादन, कीटनाशक अवशेष परीक्षण, खाद्य सुरक्षा र आकर्षक प्याकेजिङमा विशेष ध्यान दिनुपर्छ । अन्तर्राष्ट्रिय बजारले खोज्ने मापदण्ड पूरा नगरी ठुलो बजारको अपेक्षा गर्न सकिँदैन ।

अर्कोतर्फ, चिया सहकारीलाई हरियो पत्ती संकलन गर्ने संस्थाका रूपमा मात्र सीमित गरिनुहुँदैन । किसान आफैंले प्रशोधन, ब्रान्डिङ र बजारीकरण गर्न सक्ने वातावरण बनाउनुपर्छ । नेपाली चियाको आफ्नै ब्रान्ड विश्व बजारमा स्थापित गर्न सके किसानले उत्पादनको उचित मूल्य पाउनेछन् । हामी चिया उत्पादनमा आत्मनिर्भर भएर मात्र पुग्दैन, बजारमा पनि आत्मनिर्भर बन्नुपर्छ । नेपाली चियाले भारतीय बजारमा मात्र होइन, विश्व बजारमा आफ्नो पहिचान बनाउने अवस्थामा पुग्नुपर्छ । सरकार, सहकारी र निजी क्षेत्रबीच समन्वय भए नेपाली चिया बलियो निर्यात उद्योग बन्न सक्छ ।

उपभोक्ता अदालतको औचित्य र अभ्यास

वस्तुत:उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एक-अर्कासँग अन्तरसम्बन्धित छन् । परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूपहरू पनि फेरिएका छन् । यस परिवेशमा बजारमा गरिने आकस्मिक अनुगमन वा पसल "सिल" गर्ने प्रशासनिक कारबाहीले मात्र पुग्दैन ।

अग्रलेख

● वसन्त गौतम

हामी सबै नागरिक कुनै न कुनै रूपमा उपभोक्ता हौं । खाना, औषधि, कपडा, मोबाइल, सवारीसाधन, बैंक तथा बिमा सेवा, स्वास्थ्य उपचार, शिक्षा, इन्टरनेट, हवाई सेवा वा दैनिक उपभोगका अन्य वस्तु तथा सेवा प्रयोग गर्दा हामी उपभोक्ता बन्छौं । तर, वस्तु वा सेवा खरिद गर्दा ठगिएमा, गुणस्तरहीन वस्तु पाएमा वा सेवाका कारण क्षति भएमा न्याय खोज्ने प्रक्रिया भने अझै धेरै उपभोक्ताका लागि जटिल र महँगो छ । यही समस्यालाई सम्बोधन गर्न नेपालमा उपभोक्ता अदालतको व्यवस्था गरिएको हो ।

नेपालको न्यायिक इतिहास र नागरिक अधिकारको विकास क्रममा २०८१ माघ २८ गते प्रकाशित राजपत्रको सूचना र २०८१ फागुन २ गते विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा औपचारिक उद्घाटन भई सञ्चालनमा आएको उपभोक्ता अदालत एक ऐतिहासिक र युगान्तकारी कोसेढुंगा हो । लामो समयदेखि वस्तु तथा सेवाको गुणस्तरहीनता, बजारको मनपरी, सिन्डिकेट, कालोबजारी, अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्तामाथि हुने ठगीका विरुद्ध प्रभावकारी कानुनी उपचार पाउनका लागि आम नागरिकले व्यहोर्नुपरेको जटिलतालाई यस अदालतको स्थापनाले अन्ततः सम्बोधन गरेको छ । बजार र प्रविधिको विकास र विस्तारसँगै उपभोक्तासँग सम्बन्धित समस्या तथा विवाद तीव्र रूपमा बढ्दै गएको अवस्थामा यस्तो विशिष्टीकृत अदालतको आवश्यकता महसुस गरिएको हो ।

संवैधानिक दृष्टिकोणबाट हेर्दा नेपालको संविधानको धारा ४४ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हकको स्पष्ट प्रत्याभूति गरेको छ । यसका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट कुनै पनि व्यक्तिलाई क्षति पुगेको खण्डमा कानुनबमोजिम उपयुक्त क्षतिपूर्ति पाउने हकलाई समेत मौलिक अधिकारकै रूपमा सुनिश्चित गरिएको छ । सोही संवैधानिक मर्मलाई व्यावहारिक रूप दिन उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गर्नुभएको थियो । उक्त रिटमा सर्वोच्च अदालतले २०७८ साल चैत ८ गते उपभोक्ता अदालत गठन गर्नका लागि ऐतिहासिक आदेश जारी गऱ्यो । सोही न्यायिक आदेशको कार्यान्वयन गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१ माघ २१ गतेको निर्णय अनुसार काठमाडौं उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर)को क्षेत्राधिकार रहने गरी काठमाडौंमा उपभोक्ता अदालतको औपचारिक स्थापना भई सञ्चालनमा आएको हो ।

उपभोक्ता हितका बहुआयामिक पक्ष

आधुनिक बजार व्यवस्था, सूचना प्रविधि र ई-कमर्सको तीव्र विकाससँगै उपभोक्ताका समस्या र विवाद अत्यन्त बहुआयामिक र जटिल बन्दै गएका छन् । परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूप पनि फेरिएका छन् । यस परिवेशमा उपभोक्ता हित संरक्षण केवल बजारमा गरिने आकस्मिक अनुगमन वा पसल 'सिल' गर्ने प्रशासनिक कारबाहीमा मात्र सीमित रहन सक्दैन । वस्तुतः उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन् ।

यस सन्दर्भमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले सुशासन, उपभोक्ता हित संरक्षण र स्वच्छ बजारलाई आफ्ना प्रमुख तीन कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ । स्थानीय, प्रादेशिक र संघीय तीनवटै तहमा स्वच्छ बजार व्यवस्थापन कायम गर्नका लागि उपभोक्तासँग सम्बन्धित नीति तथा कानुनमा सहजीकरण गर्ने कार्य मञ्चले गर्दै आएको छ । यसका साथै आम नागरिकको हितसँग जोडिएका विषयमा उपभोक्ता सरोकारको मुद्दा वा सार्वजनिक हितको मुद्दामार्फत न्यायिक निकायमा बहस पैरवी गर्ने काम भइरहेको छ । अर्कोतर्फ, उपभोक्ता अधिकारलाई आधारभूत मानवअधिकारकै अंगका रूपमा स्थापित गर्दै व्यवसाय र मानवअधिकारको अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ ।

त्यस्तै, उपभोक्ता हित संरक्षणको अर्को महत्वपूर्ण आयाम जनस्वास्थ्य र नसर्ने रोगहरूको रोकथामसँग जोडिएको छ । बजारमा उपलब्ध हुने खाद्यवस्तु र पेय पदार्थको गुणस्तरले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले सुर्तीजन्य र मदिराजन्य पदार्थको उपभोग नियन्त्रण एवं नियमनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । प्याकेट बन्द खाद्यवस्तुहरूमा अग्रभागको लेबलिङ अनिवार्य गर्ने, अत्यधिक नून र चिनी भएका हानिकारक खानेकुराको बिक्रीमा नियन्त्रण गर्ने तथा स्वच्छ खानपान र शारीरिक व्यायाम सम्बन्धी चेतना फैलाउने कार्यहरू पनि उपभोक्ता हित संरक्षणकै अभिन्न अंगका रूपमा रहेका छन् ।

उपभोक्ता अदालतको प्रारम्भिक अभ्यास

उपभोक्ता अदालतको कानुनी अधिकारक्षेत्र र क्षेत्राधिकारको दायरालाई उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्पष्ट रूपमा परिभाषित गरेको छ । उक्त ऐनको दफा ५८ अनुसार नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका कसुरहरूसम्बन्धी मुद्दाहरू उपभोक्ता अदालतमा चल्ने व्यवस्था गरिएको छ । त्यसैगरी ऐनको दफा ५० बमोजिम व्यवसायी वा सेवा प्रदायकको अनुचित कार्यबाट क्षति पुगेको अवस्थामा क्षतिपूर्तिको दावी गर्न सकिने देवानी प्रकृतिका मुद्दा पनि यसै अदालतको अधिकारक्षेत्रभित्र पर्दछन् ।

अदालतसमक्ष शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य कुनै पनि किसिमको क्षति व्यहोर्नुपरेमा क्षतिपूर्तिको दावी लिएर पुग्न सकिने व्यवस्था छ । यस्तो क्षतिपूर्तिको दावी मर्का पर्ने उपभोक्ता स्वयंले दर्ता गराउन सक्दछन् । यदि उपभोक्ता स्वयं अदालत जान असमर्थ भएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा निजको तर्फबाट दर्तावाल उपभोक्ता संघसंस्थाले समेत मुद्दा दायर गर्न सक्ने लचिलो कानुनी व्यवस्था गरिएको छ । यस व्यवस्थाले कानुनी प्रक्रियामा आमनागरिकको पहुँचलाई सुगम बनाएको छ ।

उपभोक्ता अदालत सञ्चालनमा आएको छोटो अवधिभित्रै केही अत्यन्त महत्त्वपूर्ण र नजिरयोग्य मुद्दाहरूको सुनुवाइ भई फैसलासमेत भइसकेका छन् । उदाहरणका लागि, अधिवक्ता वसन्त गौतमविरुद्ध ओम हस्पिटल एन्ड रिसर्च सेन्टरसमेत भएको मुद्दामा स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा भएको लापरवाही र अनुचित व्यापारिक क्रियाकलापका विरुद्ध क्षतिपूर्तिको सिद्धान्त प्रतिपादन भएको छ । त्यसैगरी सावित्री खत्री थापाविरुद्ध स्वस्तिक सिल्भर प्यालेससमेतको मुद्दामा गुणस्तरहीन वस्तुको बिक्री तथा व्यापारिक ठगीविरुद्ध उपभोक्ताको पक्षमा महत्त्वपूर्ण निर्णय भएको छ । यी सुरुआती न्यायिक फैसलाले आमनागरिकमा आफूमाथि भएको अन्यायविरुद्ध कानुनी उपचार पाइन्छ भन्ने आत्मविश्वास र भरोसा जगाउन सफल भएका छन् ।

दुष्कृति र मास टर्ट/क्लास एक्सनको नयाँ सम्भावना

नेपालको कानुनी अभ्यासमा दुष्कृति ऐनको प्रयोग अहिलेसम्म निकै सीमित र प्रारम्भिक चरणमा मात्र रहेको थियो, तर उपभोक्ता अदालतको गठनसँगै दुष्कृति कानुनअन्तर्गत 'मास टर्ट' र 'क्लास एक्सन' (समूहगत वा वर्गगत मुद्दा)को नयाँ सम्भावनाको ढोका खुलेको छ । जब कुनै व्यवसायी, उद्योग वा सेवाप्रदायकको कुनै कार्य वा अकर्मण्यता/लापरवाहीका कारण ठुलो संख्याका उपभोक्ता वा सिंगो समाज नै प्रभावित हुन्छ, तब प्रत्येक पीडितले छुट्टाछुट्टै मुद्दा हाल्नुको सट्टा सामूहिक रूपमा वर्गगत मुद्दा चलाउन सक्ने कानुनी वातावरण बनेको छ ।

अन्तर्राष्ट्रिय न्यायिक अभ्यासमा यस्ता सामूहिक मुद्दाहरूको ठुलो महत्त्व रहेको छ । फक्सवागन कम्पनीले सवारीसाधनको उत्सर्जन परीक्षणमा गरेको धाँधली, एप्पल कम्पनीले पुराना फोनको ब्याट्री स्लो गराएको काण्ड वा फेसबुकले प्रयोगकर्ताको व्यक्तिगत डाटा गोपनीयता उल्लंघन गरेको विषयमा परेका 'क्लास एक्सन' मुद्दा यसका उत्कृष्ट उदाहरण हुन् । नेपालको बजारमा पनि यस्तै किसिमका सामूहिक ठगी र लापरवाहीका अनेकौं सम्भावित क्षेत्र रहेका छन् ।

खासगरी खाद्यवस्तु बिग्रन वा किरा नलागोस् भनी चामल तथा खाद्यान्नमा घातक विषादी मिसाउने कार्य, तोकिएको तौलभन्दा कम अर्थात् आधा मात्र ग्यास भरिएका एलपिजी सिलिन्डर बिक्री वितरण गर्ने प्रवृत्ति, गलत वा त्रुटिपूर्ण प्याथोलोजी ल्याब रिपोर्टका आधारमा हुने गलत स्वास्थ्य उपचार तथा विद्युत्, टेलिफोन, इन्टरनेट, बैंकिङ वा सार्वजनिक यातायातजस्ता अत्यावश्यकीय सेवामा उपभोक्ताबाट गैरकानुनी रूपमा उठाइने अतिरिक्त शुल्कहरू मास टर्टका प्रत्यक्ष उदाहरण हुन् । यस्ता प्रकृतिका व्यापक ठगीविरुद्ध सामूहिक रूपमा क्लास एक्सन मुद्दा उल्लेख्य रूपमा दर्ता गर्ने र गराउने दायित्व हामी सबैको हो ।

उपभोक्ता अदालतको सफलताका सर्त

वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्र सीमित रहेको छ । तर, नेपालको संघीय ढाँचाअनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिक उपभोक्ता हुन् र उनीहरू पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन् । त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौंमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ ।

सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापना र अदालतको सफलता नै उपभोक्ताको सफलता हो भन्ने मान्यतालाई आत्मसात् गर्दै यसलाई सफल बनाउन केही महत्त्वपूर्ण कानुनी र व्यावहारिक कदम चाल्नुपर्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ बाहेक वस्तु तथा सेवासँग सम्बन्धित अन्य विशेष ऐनहरू जस्तै–खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, गुणस्तर तथा नापतौल ऐन, औषधि ऐन, र सवारी तथा यातायात व्यवस्था ऐनलगायत कानुनअन्तर्गतका कसुरको सुरु कारवाही र किनारा गर्ने अधिकार पनि उपभोक्ता अदालतलाई नै तोक्न आवश्यक कानुनी संशोधन र पहल गरिनुपर्छ ।

समग्रमा भन्नुपर्दा, उपभोक्ता संरक्षण केवल बजारमा गरिने सामान्य निरीक्षण वा प्रशासनिक सजायमा मात्र सीमित विषय होइन । यो नागरिकको सवैधानिक मौलिक हक, जनस्वास्थ्य, मानव अधिकार र मुलुकको समग्र सुशासनसँग प्रत्यक्ष जोडिएको गम्भीर मुद्दा हो । सर्वोच्च अदालतको ऐतिहासिक निर्देशनात्मक आदेश, मन्त्रिपरिषद्को निर्णय र उपभोक्ता अदालतको औपचारिक सञ्चालनले नेपालमा उपभोक्ता न्यायको एक नयाँ विहानीको सुरुवात गरेको छ । अहिले प्रारम्भिक चरणमा रहेको काठमाडौं उपत्यकाको उपभोक्ता अदालतलाई आवश्यक स्रोत-साधन र जनशक्ति उपलब्ध गराई बलियो बनाउँदै सातै प्रदेशमा यसको संरचना विस्तार गरिनुपर्छ । राज्यका निकाय, अदालत, कानुन व्यवसायी, सञ्चारमाध्यम, नागरिक समाज र उपभोक्ता स्वयं जागरुक र जिम्मेवार बनेमा मात्र स्वच्छ बजार, सुरक्षित उपभोक्ता र सुशासित समाजको राष्ट्रिय संकल्प पूरा हुनसक्छ ।

(अधिवक्ता एवं उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील गौतमको यो लेख रासस बाट लिइएको हो ।)

छोरीहरू कहिले सुरक्षित हुने ?

समाज

● भूपेन्द्र थापा 'माधव'

बारामा तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाले देशलाई स्तब्ध बनाएको छ । छोरीहरू निरन्तर हिंसाको सिकार हुनु राज्य र समाजकै असफलता हो । अब भाषण र आश्वासन होइन, छोरीहरू निर्धक्क र सुरक्षित हुर्कन पाउने वातावरणको ग्यारेन्टी राज्यले तत्काल गर्नुपर्छ ।

एउटी सानी बालिका काँधमा झोला भिरेर, आँखाभरि सुन्दर सपना सजाउँदै विद्यालय जान घरबाट निस्किन्छे । तर, घरमा छाडेर आएका आमाबुबाको मनमा भने एउटा अनौठो डरले डेरा जमाइरहेको हुन्छ- मेरी छोरी सुरक्षित घर फर्किन्छे कि फर्किन्न ?

आज यो डर कुनै एउटा परिवारको मात्र रहेन, सिंगो देशका हरेक अभिभावकको साझा पीडा बनेको छ । भर्खरै बारामा तीन वर्षीया अबोध बालिका गरिमा चौधरीको क्रूर बलात्कारपछि हत्या भएको घटनाले फेरि एकपटक हामी सबैलाई स्तब्ध र लज्जित बनाएको छ । फुल्नै नपाएको त्यो सानो कोपिलामाथि भएको अमानवीय अपराधले हाम्रो समाज, राज्यको सुरक्षा र न्याय प्रणालीमाथि ठुलो प्रश्नचिह्न खडा गरिदिएको छ । साना नानीहरू निर्धक्क भएर हाँस्ने र खेल्ने उमेरमा आफ्नो जीवनकै सुरक्षाका लागि डराउनुपर्ने अवस्था आउनु सभ्य समाजका लागि घोर लज्जाको विषय हो । हामीले देशमा ठुला-ठुला राजनीतिक परिवर्तन ल्यायौं । नयाँ संविधान बनायौं र त्यसमा बालबालिकाका अधिकारका विषय पनि लेख्यौं । तर, यदि एउटी सानी छोरीले आफ्नो शरीर र जीवनको सुरक्षा पाउन सक्दिनन् भने ती अधिकार र परिवर्तनको के अर्थ रहन्छ ? राज्यको पहिलो कर्तव्य आफ्ना नागरिकको रक्षा गर्नु हो, त्यसमा पनि आफ्नो रक्षा आफैं गर्न नसक्ने बालबालिकाको संरक्षण त राज्यको प्राथमिक दायित्व हुनुपर्छ ।

हाम्रो समाजमा एउटा नमिठो बानी छ । कुनै बीभत्स घटना घटेपछि केही दिन चौतर्फी आक्रोश पोखिन्छ । दोषीलाई कडा कारबाहीको माग गर्दै सडकदेखि सामाजिक सञ्जालसम्म विरोधका स्वर गुञ्जिन्छन् । तर, समय बित्दै जाँदा त्यो घटना बिस्तारै सेलाउँछ, अनि फेरि अर्को अबोध बालिका सिकार नभएसम्म हामी चुपचाप बस्छौं । प्रश्न उठ्छ, यी अपराध आखिर किन रोकिँदैनन् ?

यसको उत्तर केवल कानुनको अभावमा मात्र सीमित छैन । कानुन कार्यान्वयन गर्ने संयन्त्र कति निष्पक्ष छ ? अनुसन्धान कत्तिको सही तरिकाले हुन्छ ? र मुख्य कुरा, अपराधीले राजनीतिक वा आर्थिक पहुँचका आधारमा उन्मुक्ति पाउँछ कि पाउँदैन ? जबसम्म यी प्रश्नहरूको सही उत्तर खोजिँदैन, तबसम्म अपराधको यो कालो चक्र रोकिने छैन । अपराधी जुनसुकै दल, वर्ग वा पहुँचको भए पनि उसलाई कानुनको कठघरामा उभ्याउनै पर्छ । शक्ति र पहुँचका आधारमा अपराधीले उन्मुक्ति पाउने हो भने न्यायको मर्म नै मर्दछ ।

अर्कातर्फ, हाम्रो सामाजिक सोचमा पनि ठुलो खोट छ । घटना घटेपछि अपराधीलाई छाडेर प्रायः पीडित बालिका वा उनको परिवारतिरै औंला ठड्याउने गरिन्छ- किन एक्लै पठाएको ?', 'कस्तो लुगा लगाएकी ?, अलि सजग हुनुपर्थ्यो नि !

यस्ता प्रश्नले अपराधीको हौसला बढाउँछ भने पीडित र उसको परिवारलाई थप मानसिक यातना दिन्छ । छोरीहरूलाई मात्र 'सावधान रहनू' वा 'डराएर बस्नू' भनेर समाज सुरक्षित हुँदैन । उनीहरूको हिँडडुल र स्वतन्त्रतामा रोक लगाएर अपराध रोक्न सकिँदैन । नियन्त्रण र प्रश्न त त्यो विकृत अपराधी मानसिकतामाथि हुनुपर्छ । हामीले हाम्रा छोराहरूलाई सानैदेखि नारीप्रति सम्मान, मर्यादा र मानवीय व्यवहार गर्न सिकाउनु आवश्यक छ । छोरीलाई मात्र सुरक्षाका पाठ पढाएर समाज बदलिँदैन ।

अब बालबालिकालाई डराएर होइन, सचेत र सक्षम बनाएर हुर्काउनुपर्छ । विद्यालयहरूमा बाल सुरक्षा र यौन हिंसाविरुद्धका विषयलाई व्यावहारिक रूपमै सिकाउनुपर्छ । असहज वा नराम्रो व्यवहार भएमा कहाँ भन्ने र कसरी सहायता माग्ने भन्ने ज्ञान बालबालिकालाई हुनुपर्छ । यसमा शिक्षक, अभिभावक, स्थानीय सरकार र प्रहरी प्रशासन सबै उत्तिकै संवेदनशील हुनुपर्छ ।

अपराध भइसकेपछि मात्र तातिने राज्यको बानी अब बदलिनुपर्छ । घटना घट्नै नदिने वातावरण बनाउनु राज्यको मुख्य जिम्मेवारी हो । प्रमाण नष्ट गर्ने, अनुसन्धान प्रभावित पार्ने वा 'इज्जत'को डर देखाएर घटना मिलापत्र गराउने प्रयासमाथि कडा कारबाही हुनुपर्छ । हिंसा भोगेकी बालिका दोषी होइनन्, पीडित हुन् । उनीहरूको मौनतालाई कमजोरी ठानेर अपराध लुकाउनु भनेको अपराधीलाई झन् सह दिनु हो ।

हामी विकासका ठुला कुरा गर्छौं । बाटोघाटा र ठुला भवन बनेका कुरा गर्छौं । तर, यदि हाम्रा छोरीहरू घर र विद्यालय आउजाउ गर्दा सुरक्षित छैनन् भने त्यो विकासको चमकभित्र ठुलो अँध्यारो छ । समाज कति सभ्य छ भन्ने कुरा अस्पताल भवनले होइन, त्यहाँका असहाय र साना बालबालिका कति सुरक्षित छन् भन्ने कुराले नापिन्छ । आज देशका धेरै छोरीहरूका आँखाले एउटै प्रश्न गरिरहेका छन्-हामी कहिले निर्धक्क भएर बाच्न पाउँछौं ? अपराधीले कहिले सजाय पाउँछन् र न्याय कहिले हाम्रा ढोकासम्म आइपुग्छ ?

यी प्रश्नको उत्तर राजनीतिक प्रतिबद्धता वा नाराले होइन, राज्यको ठोस कदमले दिनुपर्छ । साना नानीहरू डराएर होइन, मुस्कानका साथ विद्यालय जाने वातावरण बन्नुपर्छ । उनीहरूको बाल्यकाल भय र न्यायको पर्खाइमा होइन, सपना र खुसीमा बित्नुपर्छ । छोरीहरूलाई सुरक्षित हुनका लागि डराउनै नपर्ने वातावरण बनाउनु नै सभ्य राज्यको वास्तविक परीक्षा हो ।

इतिहासको पाना

● सुनिल उलक

१२४ वर्षअघि जापान पुगेका नेपाली विद्यार्थी

आजभन्दा १२४ वर्षअघि, १७ जुन १९०२ (वि.सं. १९५९ असार)मा नेपाली विद्यार्थी र उनका सहयोगीहरूको टोली पहिलोपटक जापान पुगेको थियो । तत्कालीन प्रधानमन्त्री देवशमशेरले जापानको 'मेइजी पुनरुत्थान'बाट प्रभावित भई नेपालीलाई आधुनिक शिक्षा दिन विद्यार्थी पठाउने सोच बनाएका थिए । तर, उनी १४४ दिनमै सत्ताच्युत भएपछि उनका भाइ चन्द्रशमशेरले यस योजनालाई अघि बढाएका हुन् ।

मुन्सिखानाको निर्देशनअनुसार चयन भएका जंगनरसिंह राणा, देवनरसिंह राणा, भक्तबहादुर बस्नेत, बालनरसिंह रायमाझी, विचारमान सिंह, रुद्रलाल सिंह, हेमबहादुर राजभण्डारी र दीपनरसिंह राणा गरी आठजना विद्यार्थी, एकजना हेरचाहकर्ता र १७ जना सहयोगीसहितको टोली २९ अप्रिल १९०२ मा बम्बईबाट पानीजहाज चढी कोलम्बो, सिंगापुर र हङकङ हुँदै ४६औं दिनमा योकोहामा पुगेको थियो । जापान पुगेपछि बेलायती दूतावास र जापानी शिक्षा मन्त्रालयको सहयोगमा उनीहरू प्रविधि, इन्जिनियरिङ र कृषि विषय अध्ययनका लागि तीनवटा उच्च शैक्षिक संस्थामा भर्ना भए । सन् १९०४को रुस-जापान युद्धको जोखिमका बावजुद उनीहरूले सेप्टेम्बर १९०५ मा अध्ययन पूरा गरेर मात्र नेपाल फर्किए ।

जापानबाट फर्केपछि यी विद्यार्थीहरूले नेपालको प्रविधि, सैन्य र कृषि क्षेत्रमा ऐतिहासिक योगदान दिए । जंगनरसिंह राणा र भक्तबहादुर बस्नेतले बारुद तथा हतियार कारखानामा काम गर्दै हाउजर गन र माउन्टेन गनलगायतका आधुनिक हातहतियार बनाएका थिए । त्यसैगरी दीपनरसिंह राणाले जापानबाट जापानी हलुवावेद, ठुलो कटुस, गोदावरी र नील लहरजस्ता फलफूल तथा फूलका बिरुवा भित्र्याए भने नेपालको ऐतिहासिक 'चन्द्र नहर'को डिजाइनसमेत उनैले गरेका थिए ।

बालनरसिंह रायमाझीले बागलुङको तामाखानी प्रमुख भएर एक र पाँच पैसाका तामाका सिक्का छापे भने हेमबहादुर राजभण्डारी पछि खानी विभागको प्रमुख बनेका थिए । टोलीका देवनरसिंह राणा बिरामी परेर छिट्टै फर्केकाले उनको निधन भएको थियो । वि.सं. १९५९को यही ऐतिहासिक यात्राले नै नेपाल-जापानबीचको सम्बन्ध र शैक्षिक आकर्षणको बलियो आधार खडा गरेको हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

सरकारी विज्ञापनसम्बन्धी सर्वोच्चको फैसला कार्यान्वयन गर्न राष्ट्रिय विज्ञापन संघको माग

काठमाडौं/मस- राष्ट्रिय विज्ञापन संघ नेपाल (नान)ले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने सरकारको निर्णय बदर गर्ने सर्वोच्च अदालतको फैसला तत्काल कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ ।

संघले सूचना तथा सञ्चार मन्त्रालयलाई एक ध्यानाकर्षण पत्र बुझाउँदै अदालतको आदेश पालना गरी निजी तथा सरकारी दुवै सञ्चारमाध्यमलाई समान व्यवहार गर्न र विज्ञापन एजेन्सीहरूको संरक्षण गर्न माग गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवले २०८२ चैत १८ गते सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने विवादित निर्णय र पत्राचार गरेका थिए । उक्त निर्णयविरुद्ध परेको रिटमा

सुनुवाइ गर्दै सर्वोच्च अदालतको संयुक्त इजलासले २०८३ असार ३० गते नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम उत्प्रेषणको आदेश जारी गर्दै सो सरकारी निर्णय बदर गरिदिएको थियो ।

अदालतले उक्त सरकारी निर्णयलाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६, प्रेस स्वतन्त्रता र समानताको हक विपरीत भएको ठहर गरेको नाआनको ध्यानाकर्षण पत्रमा उल्लेख छ। सर्वोच्चको फैसलाको मर्मअनुसार सबै सरकारी तथा निजी सञ्चार माध्यमहरूलाई स्वतन्त्र पत्रकारिता गर्न र विज्ञापन एजेन्सीहरूलाई निर्वाध काम गर्ने वातावरण मिलाउन मन्त्रालय मातहतका निकायहरूमा तत्काल स्पष्ट निर्देशन जारी गर्न संघले जोडदार माग गरेको छ।

कोभिड-१९ को महामारीपछि शिथिल बनेको विज्ञापन बजार र विज्ञापन एजेन्सीहरूले हाल भोगिरहेका समस्या तथा कानुनी निरुपणका विषयमा पनि संघले मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराएको छ । विज्ञापन एजेन्सीहरूले सरकार, सञ्चार माध्यम, विज्ञापनदाता र उपभोक्ताबीच पुलको काम गर्दै हजारौं रोजगारी सिर्जना गर्नुका साथै व्यवसाय प्रवर्धनमा समेत महत्वपूर्ण भूमिका खेलेको संघले जनाएको छ ।

यसैगरी, आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को वर्तमान युगमा विज्ञापन एजेन्सीहरूलाई बाइपास गरी सिर्जनात्मक कलामाथि बन्देज लगाउने प्रयास भइरहेको भन्दै संघले चिन्ता व्यक्त गरेको छ । विज्ञापन ऐन, २०७६ ले तोकेको एजेन्सीहरूको दायरा र भूमिकाको संरक्षण गर्दै विज्ञापन एजेन्सीहरूको भविष्य सुरक्षित गर्ने नीतिगत ग्यारेन्टी गर्नुपर्ने माग ध्यानाकर्षण पत्रमा गरिएको छ ।

गोसाइँकुण्डमा निःशुल्क क्वाँटी तातोपानी वितरणसँगै स्वास्थ्य परीक्षण हुने

काठमाडौं/मस- जनैपूर्णिमाको अवसरमा रसुवाको गोसाइँकुण्डमा तीर्थयात्रीलाई लक्षित गर्दै निःशुल्क क्वाँटी तथा तातोपानी वितरणसँगै स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन हुने भएको छ । गोसाइँकुण्ड गाउँपालिका र टोखा नगरपालिका-१ स्थित श्री पञ्चधाम सेवा केन्द्र, नेपालको आयोजना तथा गोसाइँकुण्ड क्षेत्र विकास समिति, अल नेपाल हस्पिटल, लायन्स क्लब अफ काठमाडौं ब्ल्ड सोसियल सर्कल नर्थको सह-आयोजनामा कार्यक्रम सञ्चालन गर्न लागिएको हो । आयोजकका अनुसार भदौ १० गतेदेखि १२ गतेसम्म गोसाइँकुण्ड परिसरमा पुग्ने श्रद्धालु तथा तीर्थयात्रीका लागि निःशुल्क क्वाँटी र तातोपानी वितरण गरिनेछ। साथै तीर्थयात्रीको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य परीक्षणसमेत गरिने जनाइएको छ।

जनैपूर्णिमाका अवसरमा गोसाइँकुण्डमा देशका विभिन्न स्थानबाट ठूलो संख्यामा तीर्थयात्री पुग्ने गर्छन् । उच्च हिमाली क्षेत्रमा हुने यात्राका क्रममा तीर्थयात्रीलाई आवश्यक स्वास्थ्य सेवा तथा तातोपानीको सुविधा उपलब्ध गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममार्फत गोसाइँकुण्ड आउने श्रद्धालुलाई स्वास्थ्यसम्बन्धी आवश्यक परामर्श तथा प्राथमिक सहयोग उपलब्ध गराउने तयारीसमेत गरिएको छ ।

उदयपुरमा बस र अटो ठोक्किँदा दुईजनाको मृत्यु

बिन्द्र राई/मध्यान्ह
उदयपुर, ८ भदौ

उदयपुरको बेलका नगरपालिकामा सोमबार सवारी दुर्घटनामा परी दुईजनाको मृत्यु भएको छ भने अन्य तीनजना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बेलका नगरपालिका-५ जहडास्थित सडकखण्डमा सुपाडेबाट लालबजारतर्फ आउँदै गरेको को.प्र.०५-००१ ह ०६१३ नम्बरको अटो र विपरीत दिशाबाट जाँदै गरेको सफल आदर्श इङ्लिस बोर्डिङ स्कुलको को १ ख ३५१६ नम्बरको बस एक आपसमा ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा अटोमा सवार पाँचै जना गम्भीर घाइते भएका थिए । उनीहरूलाई तत्काल उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (घोप) धरान पठाइएकोमा उपचारका क्रममा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । बाँकी तीन जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा मृत्यु हुनेहरूमा अटोमा सवार बेलका नगरपालिका-५ बस्ने अन्दाजी ३४ वर्षीया मन्दिरा मगर रहेकी छिन् । ज्यान गुमाउने अर्की एक महिलाको भने नाम, थर र ठेगाना खुल्न नसकेको प्रहरीको भनाइ छ ।

साउदीमा रोजगार कम्पनी: UNITED EAST PROJECT
पूर्व स्वीकृत मिति: २०८३/०५/०८ चलानी नं.: ६०२६०१६२
शहर : DAMMAM
LT. No.: 346968

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Office and Facilities Cleaning Worker	6	0	स. काममा दक्ष	1000	४०७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २१५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

PROFESSIONAL Recruiters Group
Govt. Lic. No. 1767/081/082
Kathmandu- 3 , Nepal. Phone No: 01-4975466, 01-4975467., Email: www.prgnepal.com/info@prgnepal.com
Sumer Maharjan Contact No : 9841456029

कुवेतमा रोजगार कम्पनी : COPPER Q8 COMPANY FOR ELECTRICAL AND ELECTRONIC CONTRACTING
पूर्व स्वीकृत मिति: २०८२/०८/०१ चलानी नं.: ६०२४७४७२ L.T. No.: 333790
शहर: KUWAIT
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Factory Helper / Labour	40	0	सम्बन्धित काममा दक्ष	110	५४,८००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Finewire Drawing Operator	3	0		200	९९,६३८							
3.	Machine Operators - Extrusion	3	0		200	९९,६३८							
4.	Maintenance Technician	3	0		200	९९,६३८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २१५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043,
Tulasi Contact No : 9801039447 Email : rboverseasnepal@gmail.com

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०५/०९ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८०/०९/२५ मा दर्ता नं. ३२७१५९/०८०/०८१ कायम भई दर्ता भएको काठमण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३०, डिल्लीबजार स्थित मिट प्वाइन्ट लन्ज प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. टिकाराम आचार्यको नाति, भेष राज आचार्यको छोरा, इलाम जिल्ला, सोयाक गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको फणिन्द्र आचार्य (ना.प्र.प.नं.: ०३-०१-७२-०१०६८, इलाम)
२. तुल्सी बहादुर पौडेलको बुहारी, राजु पौडेलको पत्नी, बागलुङ्ग जिल्ला, कुश्मीसेरा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको सरस्वती पाठक पौडेल (ना.प्र.प.नं.: ५०१००२-२९७५१, बागलुङ्ग)

शाखा कार्यालय: बालाजु, काठमाण्डौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०३/२१ मा दर्ता नं. १९२८७९/७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ९ बतिसपुतली स्थित प्रशंसा ट्रेडिङ कम्पनी प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कवि केशर आचार्यको नाति, इन्द्र प्रसाद आचार्यको छोरा, झापा जिल्ला, धरमपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको जगदीश आचार्य (ना.प्र.प.नं. ०४ ९७७३२५२७४, झापा)
२. लक्ष्मी प्रसाद दाहालको नाति, महेन्द्र प्रसाद दाहालको छोरा, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको राम प्रसाद दाहाल (ना.प्र.प.नं. ५६१-०३९-४०, मोरङ्ग)
३. महेन्द्र प्रसाद दाहालको बुहारी, राम प्रसाद दाहालको पत्नी, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको इन्दु दाहाल (ना.प्र.प.नं. ३५७३, मोरङ्ग)
४. भद्र लाल दाहालको नाति, लक्ष्मी प्रसाद दाहालको छोरा, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको महेन्द्र प्रसाद दाहाल (ना.प्र.प.नं. ५३१२२, मोरङ्ग)
५. लक्ष्मी प्रसाद दाहालको बुहारी, महेन्द्र प्रसाद दाहालको पत्नी, मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको पवित्रा देवी दाहाल (ना.प्र.प.नं. ०५-०६-७७-०३४८८, मोरङ्ग)

शाखा कार्यालय: चाबहिल, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६५/०९/०२ मा दर्ता नं. ८५८६९/०६५/६६ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४ मखनटोल स्थित आज्ञा इन्टरनेशनल
प्रोप्राइटर: नरेन्द्र राज मिश्र

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. भक्त राज मिश्रको नाति, कृष्ण राज मिश्रको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ६ स्थित स्थायी ठेगाना भएको नरेन्द्र राज मिश्र (ना.प्र.प.नं. ३०९३/१५९६०, काठमाण्डौ)
२. कृष्ण राज मिश्रको बुहारी, नरेन्द्र राज मिश्रको पत्नी, काठमाण्डौ जिल्ला, कपन गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको रजनी शर्मा (ना.प्र.प.नं. १६२६/०४६, काठमाण्डौ)
३. कृष्ण राज मिश्रको नाति, नरेन्द्र राज मिश्रको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको अभिषेक राज मिश्र (ना.प्र.प.नं. २८-०१-७३-०००१४, ललितपुर)

गोप्य शिलबन्दी बोलपत्रद्वारा गैर बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/०९ गते
सूचना नं : ६-०८३/०८४

यस संघको आफ्नो स्वामित्वमा रहेको उल्लेखित गैर बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा, सहकारी ऐन नियमावली तथा प्रचलित कानून बमोजिम गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने हुँदा सो सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/संस्थाबाट तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत तोकिएको समय अवधिभित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं	जिल्ला	गा.वि.स./न.पा./ वडा नं.	नक्सा सिट नं.	कित्ता नं	क्षेत्रफल (ब.मि.)	गैर बैंकिङ सम्पत्तिको किसिम
१	काठमाण्डौ	गोंगबू-५	१०२०९८५१२	४५	२१५.००	घर/जग्गा
२	मकवानपुर	हेटौडा नपा-९	९	९९०५	३९३६.५६	जग्गा
३	काठमाण्डौ	का.म.न.पा-२९	१०२१०२४१०	५६३	१४९.०३	घर/जग्गा
				५५३	४८.६८	
४	काभ्रेपलाञ्चोक	नासिकास्थान साँगा-४	४ (क)	३१०६	६२७.९६	जग्गा
				३२७७	६९५.५२	
				३२७९	८७.४२	
५	काठमाण्डौ	डाँडापौवा, रामकोट-५	५ (ग)	३०८	१२७.१६	घर/जग्गा
६	काभ्रेपलाञ्चोक	बनेपा नपा-५	५	२२९६	१२५.५३	घर/जग्गा
७	भक्तपुर	मध्यपुर ठिमी नपा-१५	१०२१२२९०१	१३	७८.४०	घर/जग्गा
				१२	९७.४०	
८	सुनसरी	इटहरी उ.म.न.पा.-३	३ (झ)	७६७	१६९३.२०	घर/जग्गा

शर्तहरु

१. बोलपत्र फाराम यस संघको केन्द्रीय कार्यालय, सदस्य सेवा कार्यालय वा सेवा केन्द्रहरुबाट रु. २,०००/- (अक्षेरुपी दुई हजार) मात्र फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी बोलपत्र पेश गर्न पाइने छैन ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रीय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१००००३०५ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संघको केन्द्रीय कार्यालय, सम्बन्धित सदस्य सेवा कार्यालय र सेवा केन्द्रमा कार्यालय समय भित्र सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ । साथै तोकिएको अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको बोलपत्रकर्ताले बोलपत्र खोलिएको ३५ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूँजीगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित मितिले ८औं दिन बोलपत्र खोलिने बारे जानकारी गराइनेछ ।
९. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन ।
१०. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने वा बिक्री वितरण वा नामसारी गर्ने अधिकार संघमा निहित हुनेछ ।

शिलबन्दी बोलपत्र बुझाउने कार्यालयहरु : केन्द्रीय कार्यालय, सम्पूर्ण सदस्य सेवा कार्यालयहरु र सेवा केन्द्रहरु (नेफ्स्कून)
शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति : २०८३/०५/१५ गते कार्यालय समयभित्र
शिलबन्दी बोलपत्र खोलिने स्थान : संघको केन्द्रीय कार्यालय, मिनभवन, काठमाडौं

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
केन्द्रीय कार्यालय, मीनभवन, काठमाडौं, फोन नं. ०१-४७९११६३, ४७९०२०१, इमेलः nefscun@nefscun.org.np

PUBLIC NOTICE

Invitation for Proposal for Technical Due Diligence Audit (DDA) Services
Mewa Developers Limited, Krishna Galli - 3, Lalitpur
Middle Mewa Hydropower Project (73.5 MW)
Notice Published Date: 25th August 2026

Mewa Developers Limited, a Hydropower Company incorporated under the Companies Act, 2063, invites sealed proposals from eligible, experienced, and reputed Consultants for conducting a Technical Due Diligence Audit (DDA) of the Construction Contracts as per the Terms of Reference (TOR) available with this notice.

1. Brief Scope of Work

The assignment aims to provide the Employer with an independent, contract-compliant, and evidence-based assessment of the Contractor's claims, delays, variations, price escalation, and advances, with the objective of protecting the Project from unjustified financial and contractual exposure. The services shall include a comprehensive review of the Contract, specifications, BOQ, approved and revised schedules, correspondence, instructions, variations, and relevant records; to establish and determine the Contractor's entitlement, if any, to Extension of Time and associated costs; and other claims related costs. The assignment will further establish the appropriate treatment of valid, partially substantiated, and unsupported claims and quantify any excess or unrecovered advances. (Detailed TOR available upon request)

2. Eligibility Criteria

- Minimum 10 years of experience in contract administration and claims analysis, on hydropower, or large infrastructure/civil works contracts.
- Demonstrated working knowledge of FIDIC Conditions of Contract and the Public Procurement Act/Regulations of Nepal.
- Demonstrable independence from, and no prior/current engagement with, the Contractor or its affiliates on this or any other project (conflict-of-interest declaration to be submitted with the proposal).

3. Proposal Submission Interested and eligible consultants/firms are requested to submit their Technical Proposal and Financial Proposal in two separate sealed envelopes, clearly marked **"Technical Proposal"** and **"Financial Proposal,"** both enclosed in a single outer sealed envelope marked:

"Proposal for Technical Due Diligence Audit of Middle Mewa Hydropower Project — Not to be opened before the Deadline of Submission Closure

4. Submission Details

Particulars	Details
Last date for submission	1st September 2026
Submission address	Krishna Galli – 3, Lalitpur, Nepal
Mode of submission	Physical Copy
Pre-proposal queries	Yogendra Dev Bhatta, yogendra.bhatt@urjaservicesnp.com, +977-9801256245

5. Evaluation Proposals will be evaluated based on eligibility, technical qualification, and financial proposal as per the Company's approved selection criteria. The Company reserves the right to accept or reject any or all proposals without assigning any reason whatsoever, and to negotiate terms with the selected consultant.

6. Contact for TOR/Further Information

Yogendra Dev Bhatta, yogendra.bhatt@urjaservicesnp.com, +977-9801256245, Krishnagalli-3, Lalitpur, Nepal

मलेसियामा रोजगार कम्पनी : MCK GLOBAL INDUSTRIES SDN BHD
पूर्व स्वीकृत मिति: २०८३/०५/०८ चलानी नं.: ६०२६०१७५
शहर: MALAYSIA
L.T. No.: 347003

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	GENERAL WORKER (MALE)	21	0	स. काममा दक्ष	1700	६४३२८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २१५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

NEW LIGHT INTERNATIONAL PVT.LTD. Govt.Lic.No. 1403/074/075
Samakushi, Kathmandu, Tel.: 97701-4380173-4384185
Mobile No: 9851081269.9851006371, 981-3065702 | Email: info.newlight1403@gmail.com

समीक्षा र रितालाई 'मिस एन्ड मिसेस ब्युटिफुल नेपाल'को उपाधि

काठमाडौं / मस- 'मिस एन्ड मिसेस ब्युटिफुल नेपाल' प्रतियोगितामा समीक्षा शर्मा 'मिस ब्युटिफुल नेपाल' र रिता तामाङ 'मिसेस ब्युटिफुल नेपाल' घोषित भएका छन् । दक्ष इन्टर नेसनल प्रा.लि.को आयोजनामा शनिबार राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा ११औं संस्करणको प्रतियोगिता भव्य समारोहबीच सम्पन्न भएको हो ।

पेसाले सौन्दर्यकर्मी रहेकी रिता तामाङले 'मिसेस ब्युटिफुल नेपाल'को मुख्य उपाधिसहित 'बेस्ट वाक', 'मस्ट फोटोजेनिक' र 'मस्ट ट्यालेन्टेड' गरी चारवटा उपाधि हात पारिन् । उपाधि जितेपछि तामाङले यो सफलताले आफूलाई थप जिम्मेवार बनाएको र नयाँ उत्साह प्रदान गरेको बताइन् ।

'मिसेस ब्युटिफुल नेपाल'तर्फ मन्दिरा आचार्य फर्स्ट रनर-अप, गीता बुढाथोकी सेकेन्ड रनर-अप, सृजना घिमिरे थर्ड रनर-अप र रिता कटुवाल फोर्थ रनर-अप घोषित भए । सृजना घिमिरेले 'भ्युअर्स च्वाइस' तथा रेखा श्रेष्ठले 'अर्गनाइजर च्वाइस'को उपाधि हात पार्दा सुनिता श्रेष्ठ आचार्य 'मस्ट पपुलर' घोषित भइन् ।

त्यसैगरी 'मिसेस ब्युटिफुल नेपाल'तर्फ रिता तामाङले 'बेस्ट वाक', 'मस्ट फोटोजेनिक' र 'मस्ट ट्यालेन्टेड' उपाधि जितिन् । मन्दिरा आचार्यले 'मस्ट डिसिप्लिन्ड', सुनिता श्रेष्ठ आचार्यले 'बेस्ट स्माइल' तथा 'सोसियल वेलफेयर एम्बासडर', रेखा श्रेष्ठले 'मस्ट पंक्चुअल', गीता बुढाथोकीले 'मस्ट एक्टिभ', सृजना घिमिरेले 'बेस्ट स्किन' तथा रिता कटुवालले 'बेस्ट स्पिच' र 'मस्ट क्रिएटिभ' उपाधि प्राप्त गरे ।

'मिस ब्युटिफुल नेपाल'तर्फ समीक्षा शर्मा विजेता बन्दा तारा कुमारी दुलाल फर्स्ट रनर-अप, निशा राजवाहक सेकेन्ड रनर-अप र संजिना चौधरी थर्ड रनर-अप घोषित भए । समीक्षा शर्मा नै 'मस्ट पपुलर' तथा संजिना चौधरी 'भ्युअर्स च्वाइस' घोषित भइन् ।

यस विधातर्फ 'बेस्ट वाक', 'मस्ट फोटोजेनिक' र 'मस्ट पंक्चुअल' उपाधि पनि समीक्षा शर्माले हात पारिन् । तारा कुमारी दुलालले 'मिस फिटनेस', संजिना चौधरीले 'बेस्ट स्माइल' र 'मस्ट ट्यालेन्ट' तथा निशा राजवाहकले 'बेस्ट स्किन' उपाधि प्राप्त गरे ।

प्रतियोगितामा राष्ट्रिय सभाकी उपाध्यक्ष लिलाकुमारी भण्डारी प्रमुख अतिथिका रूपमा उपस्थित थिइन् । वरिष्ठ अभिनेता शिव श्रेष्ठ विशिष्ट अतिथिका रूपमा सहभागी थिए । पूर्वएआईजी तथा गीतकार टेक तामाङ, वरिष्ठ चलचित्रकर्मी अम्बिका प्रसाद आचार्य, इभेन्ट डाइरेक्टर निशुकान्त झा र डिजे युवा विशेष अतिथिका रूपमा सहभागी भएका थिए ।

प्रतियोगिताको निर्णायक मण्डलमा वरिष्ठ अभिनेत्री तृप्ति नाडकर मुख्य निर्णायकका रूपमा रहेकी थिइन् । वरिष्ठ गायक आनन्द कार्की, पत्रकार सन्दीप पौडेल, 'मिसेस ब्युटिफुल नेपाल २०२४' विजेता बिजया अधिकारी, डा. सूचना मराहट्टा, फेसन विज्ञ दिना गुरुङ र 'मिसेस गुरुङ २०२२' विजेता नीलम गुरुङ निर्णायकका रूपमा रहेका थिए ।

समारोहमा समाजका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका व्यक्तित्वहरूलाई समेत सम्मान गरिएको थियो । सम्मानित हुनेमा ज्योतिषविद्, कुशल व्यवसायी तथा युवा सामाजिक अभियन्ता अर्जुन न्यौपाने, 'द रिमर ओभरसिज प्रालि'का महाप्रबन्धक नगेन्द्र न्यौपाने, युवा व्यवसायी सुनील अर्याल, गायक तथा कार्यक्रम सञ्चालक राजेश बर्देवा, चर्चित नायक तथा वरिष्ठ अभिनेता धिरेन शाक्य, सौन्दर्यकर्मी तथा मेकअप प्रशिक्षक मञ्जिला सुवेदी, मिराकल इन्टरनेसनल मोडल एकेडेमीकी प्रधानाचार्य मनकुमारी पोखरेल, वरिष्ठ सौन्दर्यविद् अमृता ढेके, महिला उद्यमी तथा सामाजिक अभियन्ता सपना शर्मा, वरिष्ठ ब्युटी एक्सपर्ट राधा शर्मा, म्युजिक भिडियो निर्देशक देवेन्द्र पाण्डे, दिपा कटलवाल, धार्मिक अभियन्ता श्याम बहादुर महत 'हारती माता', गजलकार कृष्ण कुमारी महत, मेकअप आर्टिस्ट माया लामा, वरिष्ठ सौन्दर्यविद् ललिता जोशी श्रेष्ठ, वरिष्ठ सौन्दर्यविद् रोशना राजथली, वरिष्ठ पत्रकार एवं सञ्चारकर्मी गीता अधिकारी तथा महाकाव्यकार खेमनाथ दाहाल रहेका थिए ।

कार्यक्रम दक्ष इन्टरनेसनलका अध्यक्ष टेकराज पाण्डेको आयोजनामा, गीता उप्रेतीको व्यवस्थापन तथा राहुल बन्जाडेको निर्देशनमा सम्पन्न भएको हो । प्रतियोगिताको कोरियोग्राफी आश्विनी कान्त झाले गरेका थिए । कार्यक्रम मेगा टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको थियो ।

आयोजक दक्ष इन्टरनेसनलका अनुसार महिलाहरूको आत्मविश्वास, कला, प्रतिभा र सौन्दर्यको प्रवर्द्धन गर्नु प्रतियोगिताको मुख्य उद्देश्य हो । प्रतियोगिताले सौन्दर्यसँगै प्रतिभा, व्यक्तित्व, सामाजिक उत्तरदायित्व र आत्मविश्वासलाई समेत प्राथमिकता दिएको आयोजकले जनाएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०१/१६ मा दर्ता भएको **प्रा.लि.नं. २८१२८** को **श्रीबालाजी इण्डष्ट्रिज प्रा. लि.** को मिति २०८३/०४/२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगाना: का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्क: ९८६३५४२२९०

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०२/२६ मा दर्ता भएको **प्रा. लि. नं. २९२०२४** को **लिङ्गासैनि ट्रेडिङ प्रा. लि.** को मिति २०८३/०५/०८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१७७९४

दोगडाकेदार गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
देउलेक, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

दोगडाकेदार गाँउपालिका वडा नं. ६ भएर बग्ने चमेलिया नदीको पञ्ज्युनयाँ र चमतडी क्षेत्र र जमाडी गाडबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवा उत्खन्/संकलनका कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/०९

